# बुङ्कोट गा.वि.स.मा प्रचलित लोकनाटकः सोरठीको अध्ययन

त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह

नेपाली विषयको दसौं पत्र(५१०-६)लोकसाहित्यको अध्ययन पत्रको

प्रयोजनका लागि

प्रस्तुत

अध्ययन पत्र


अध्ययनार्थी

नारायण जङ्ग थापा

द्रव्यशाह बहुमुखी क्याम्पस

लक्ष्मी बजार गोरखा


२०६९

# कृतज्ञताज्ञापन

प्रस्तुत अध्ययन पत्र नेपाली विषयको स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो । सर्वप्रथम प्रस्तुत लेखनका लागि विभागीय स्वीकृत प्रदान गर्नुहुने विभागीय प्रमुख उप प्रा. बद्रीकुमार कार्कीज्यू प्रति हार्दिक कृतज्ञ छु ।

अनेकौं व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई अध्ययन प्रत्रको प्रारम्भदेखि हालसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्वपूर्ण सुझाव दिनुहुने श्रद्धेय गुरु श्री बद्रीकुमार कार्कीज्यू प्रति  हार्दिक आभार व्यक्त गर्दछु ।

आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा सोरठी गाएर सहयोग गर्ने टोली नेता डीलबहादुर राना लगायत अन्य व्यक्ति, विभिन्नसङघ र संस्थालाई म सँधै स्मरण गरिरहनेछु ।

प्रस्तुत अध्ययनपत्र लेखनको क्रममा आवश्यक सुझाव दिने र बहुमूल्य सन्दर्भ पुस्तक दिनुहुने डा. मोतीलाल पराजुली, रुद्रनाथ पोखरेल ,सुनिल अर्याल लगायत ती सम्पूर्ण गुरुहरू ,मित्रहरु र पुस्तकालयप्रति म हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

आफ्नो अनेकौं समस्याको प्रवाह नगरी मेरो अध्ययन कार्यको लागि निरन्तर रुपमा सहयोग गरिरहने प्यारी श्रीमती राधिका प्रति म सधैँ ऋणी नै रहने छु  ।

प्रस्तुत अध्ययनपत्रलाई कुशलतापूर्वक टाइप गर्न सहयोग गर्ने दीपक पाण्डे, प्रकाशवावु वानियाँ, मेरा सुपुत्र अनुज, मनोज र अञ्जनप्रति पनि धन्यवाद दिन चाहन्छु ।

नारायणजङग थापा
द्रव्यशाह बहुमुखी क्याम्पस
लक्ष्मी बजार गोरखा

# विषयसूची

पृष्ठ


**१. अध्ययन परिचय** **१-४**

१.१ विषय परिचय १

१.२ अध्ययनको समस्या १

१.३ अध्ययनको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य ३

१.६ अध्ययनको क्षेत्र र सीमा ४

१.७ अध्ययनको विधि ४

१.८ अध्ययनको रूपरेखा ४

**२. बुङ्कोट गा.वि.स.को सङ्क्षिप्त परिचय** **५-१२**

२.१ भौगोलिक अवस्था ५

२.२ क्षेत्रफल तथा भू बनोट ५

२.३ जनसङख्या ६

२.४ विद्यालय तथा शैक्षिक स्तर ६

२.५ सडक ७

२.६ सञ्चार र विद्युत ७

२.७ सामाजिक स्थिति ७

२.७.१ जातीय अवस्थिति ७

२.७.२ भाषा, धर्म र चाडपर्व ९

२.८ आर्थिक स्थिति ११

२.९ सांस्कृतिक अवस्था ११

**३. नेपाली लोकनाटकको सैद्धान्तिक परिचय** **१३-२४**
३.१ लोकनाटकको परिचय १३
३.२ लोकनाटकको परिभाषा १३
३.३ लोकनाटकका तत्त्व १४
३.३.१ कथानक १५
३.३.२ पात्र १५
३.३.३ सङ्गीत १६
३.३.४ नृत्य १६
३.३.५ संवाद १६
३.३.६ भेषभूषा १६
३.३.७ द्वन्द्व १७
३.३.८ उद्देश्य १७
३.३.९ परिवेश १७
३.३.१० भाषा १७
३.३.११ शैली १८
३.३.१२ लोकमञ्च १८
३.४ लोकनाटकका विशेषता १८
३.५ लोकनाटकको वर्गीकरण १९
३.५.१ आकारका आधारमा २१
३.५.२ प्रस्तुतिका आधारमा २१
३.५.३ विषयवस्तुका आधारमा २२
३.५.४ शैलीका आधारमा २३

**४. बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठीको विश्लेषण** **२५-६३**
४.१ सोरठीको परिचय २५
४.२ सोरठीको मूल पाठ

४.३ बुङकोट गा.वि.स.मा प्रचलित सोरठीको विश्लेषण ४३
४.३.१ लोकनाटकका तत्त्वहरूका आधारमा बुङकोटमा प्रचलित सोरठीको विश्लेषण ४३
४.३.१.१ कथावस्तु ४३
४.३.१.२ पात्र ४६
४.३.१.३ सोरठीको परिवेश (देश, काल, वातावरण) ४८
४.३.१.४ भाषा ४९
४.३.१.५ शैली ५०
४.३.१.६ लय/छन्द ५१
४.३.१.७ सङगीत ५२
४.३.१.८ द्वन्द्व ५३
४.३.१.९ भेषभूषा ५४
४.४ रसको आधारमा सोरठीको विश्लेषण ५४
४.४.१.शृङ्गार रस ५४
४.४.२ करुण रस ५५
४.४.३ रौद्र रस ५५
४.४.४ वीभत्स रस ५६
४.४.५ भक्ति रस ५६
४.५ अलङ्कारको आधारमा सोरठीको विश्लेषण ५६
४.५.१ शब्दालङ्कार ५६
४.५.१.१ अन्त्यानुप्रास ५७
४.५.१.२ छेकानुप्रास ५७
४.५.१.३ श्रुत्यानुप्रास अलङ्कार ५७
४.५.१.४ वृत्यानुप्रास अलङ्कार ५७
४.५.२ अर्थालङ्कार ५८
४.५.२.१ उपमा अलङ्कार ५८
४.५.२.२ भ्रान्तिमान अलङ्कार ५८
४.५.२.३ मालादीपक अलङ्कार ५८
४.५.२.४ विषदत्त अलङ्कार ५९

४.६ अन्य आधारमा बुडकोटको सोरठीको विश्लेषण ५९
४.६.१ धार्मिक विषयवस्तुका आधारमा ५९
४.६.२ लोकविश्वास ६०
४.६.३ प्रेम ६०
४.६.४ बहुबिवाह सम्बन्धी संस्कार ६०
४.६.५ दण्डसजाय गर्ने परिपाटी ६१
४.६.६ मानवीय सेवाको चित्रण ६१
४.६.७ प्रकृतिको चित्रण ६१
४.६.८ वाद्यवादनको चित्रण ६२
४.६.९ औषधी चित्रण ६२
४.६.१० नैतिक दृष्टिकोण ६२

**५. स्थानीय मगर जाति र सोरठीको सम्बन्ध ६४-६७**
५.१ परिचय ६४
५.२ भू धरातल, मगर जाति र सोरठीको सम्बन्ध ६४
५.३.मगर जातिको गहना, भेषभूषा र सोरठीको सम्बन्ध ६५
५.४ मगर जातिको पेसा र सोरठी बीचको सम्बन्ध ६५
५.५ मगर जातिको खाना र सोरठीको सम्बन्ध ६६
५.६ मगर जातिको वैवाहिक विधि र सोरठीको सम्बन्ध ६६
५.७ मगर जातिको जन्मसंस्कार र सोरठीको सम्बन्ध ६७
६. **उपसंहार** **६८-७०**

# तालिका सूची


| | पृष्ठ |
|---|---|
| तालिका नं. १ | ६ |
| तालिका नं. २ | ८ |
| तालिका नं. ३ | ९ |
| तालिका नं. ४ | १० |

# अध्याय - एक

# १.अध्ययन परिचय

## १.१ विषय परिचय

लोक र साहित्य जस्ता दुई शब्दको समासबाट लोकसाहित्य शब्दको निर्माण भएको पाइन्छ। लोकसाहित्यको खास लोक व्यवहारमा प्रचलित साहित्य, लोकवार्ता, लोकभाषा (शर्मा : २०५८, १७५) भनिएको पाइन्छ। सिधा अर्थमा भन्दा आदिम अपठित जनसुदायद्वारा सृजित सहज स्वाभाविक र अकृत्रिम स्वस्फूर्त भावनात्मक अभिव्यक्ति नै लोकसाहत्यि हो। लोकसाहित्यका विभिन्न भेदमध्ये लोकनाटक एक महत्त्वपूर्ण भेद मानिन्छ। लोकनाटकमा नृत्य, गीत र सम्भावित सानातिना घटना, संवादयुक्त कथावस्तु आदि पर्दछ। लोकनाटक अन्तर्गतका सोरठी, घाटु, नचरी, बालन, मारुनी, धाननाच, चाँचरी ... आदि प्रचलित छन् र यी मध्येको बढी प्रचलित एवम् बढी आख्यानयुक्त संयोगान्त नाटकको रूपमा सोरठीलाई लिइन्छ। नेपालका विकट पहाडी गाउँहरूमा विशेष गरी गुरुङ्ग, मगरलगायतका जनजातिहरूमा यो लोकनाटक प्रचलित रहेको पाइन्छ। स्थान अनुसार सोरठीको आख्यानका बारेमा धेरै भेदहरू रहेको बताइए पनि नेपालको पश्चिमाञ्चल क्षेत्रअन्तर्गत पर्ने गोरखा जिल्लाको बुङ्कोट गा.वि.स मा प्रचलित लोकनाटक सोरठीको आख्यान भने जमुना राज्यका जनजातिका राजा जैसिङ्गै राजासँग सम्बन्धित छ। हैमती रानीबाट धेरै समयसम्म सन्तान नभएको, पछि आखिर ढिलै भए पनि रानी हैमतीले रुपकेशरा (सोरठी) कन्यालाई जन्म दिएको, बालिका अत्यन्तै सुन्दर भएकोले विजय जैसीले डाहले मूलमा जन्मेकी भनेर नदीमा बगाएको नदीमा कुमालेले मधुस भित्र (रुपकेशरा) भेटाएको, जैसिङ्गे (जयसिंह) राजा सिकार खेल्न जाँदा रूपकेसरासँग भेट भएर विवाह गर्ने क्रममा कन्याको सिउँदोमा सिन्दुर हाल्न खोज्दा अकस्मात दुलही कन्याले चेली भएको विषयसँग केन्द्रित रहेको छ। यही कारुणिक आख्यानयुक्त लोकनाटक सोरठीको सङ्कलन, अध्ययन, वर्गीकरण र विश्लेषण यस अध्ययनपत्रमा गरिएको छ।

## १.२ अध्ययनको समस्या

यो अध्ययन बुङ्कोटमा प्रचलित सोरठीको सङ्कलन, वर्गीकरण र विश्लेषणमा केन्द्रित रहको छ। गोरखा जिल्लाको बुङ्कोट गा.वि.स.मा प्रचलित लोकनाटक सोरठीको निम्नलिखित समस्याहरू रहेको छन् :

क. बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठीको व्यवस्थित खोजी नहुनु ।

ख. बुङ्कोट गा.वि.स. मा सोरठीको अध्ययन र विश्लेषण नहुनु ।

ग. स्थानीय बासी र सोरठीका सम्बन्धको अध्ययन नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनपत्रको उद्देश्य गोरखा जिल्लाको, बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठीको तथ्यपरक रूपमा सङ्कलन, वर्गीकरण र विश्लेषण गरी लोकनाटक सोरठीलाई जनमानस समक्ष पुऱ्याउनु रहेको छ । यसका लागि माथि अध्ययन समस्यामा परिलक्षित समस्याहरूको समाधानार्थ अध्ययनकार्य गरिएकाले यसअध्ययनकार्यको उद्देश्य निम्नानुसार रहेको छ :

क. बुङ्कोट गा.वि.स. मा प्रचलित सोरठीको व्यवस्थित खोजी गरी सङ्कलन गर्नु ।

ख. बुङ्कोट गा.वि.स. मा प्रचलित सोरठीको विविध कोणबाट अध्ययन र विश्लेषण गर्नु ।

ग. बुङ्कोटको स्थानीय बासी र सोरठीका सम्बन्धको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

१.हरिहरराज जोशीले **सोरठी** (२०२३) पुस्तकमा समग्र सोरठीको वर्णन गरे तापनि बुङ्कोटको सोरठीको बारेमा केही चर्चा गरेको पाइँदैन ।

२.धर्मराज थापाले **गण्डकीका सुसेली** (२०३०) पुस्तकमा **धवलागिरी अञ्चल** शीर्षकको लेखमा सोरठी अन्तर्गत बारेमा परिचय प्रस्तुत गरेका छन् । यस क्रममा बुङ्कोट गा.वि.स.को सोरठीको बारेमा भने उल्लेख गरेको पाइँदैन ।

३.व्रतमान आचार्यले, **लोकगाथा सोरठी (२०३५)** गोरखा पत्रमा नेपालको अन्य ठाउँको सोरठीको चर्चा गरे पनि बुङ्कोट गा.वि.स.को सोरठीको उल्लेख पाइदैन ।

४.धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) पुस्तकमा अन्तर्गतको सोरठी नाच (नाटक) शीर्षकको अर्न्तगत सोरठीको बारेमा सामान्य परिचय मात्र प्रस्तुत गरेका छन तर यस क्रममा बुङ्कोट गा.वि.स.को सोरठीको बारेमा भने उल्लेख गरेको पाइँदैन ।

५.रामनाथ ओझा र मधुसुदन गिरीले **लोकसाहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध** (२०६०) नामक पुस्तकमा लोकनाटक सोरठीका बारेमा सामान्य परिचय प्रस्तुत गरेका छन् तर बुङ्कोटको सोरठी बारे उल्लेख छैन ।

६ं चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०६६) पुस्तकअन्तर्गत नेपाली लोकनाटकहरूको परिचय दिने क्रममा सोरठीको पनि सामान्य परिचय मात्र प्रस्तुत गरेका छन् । यस क्रममा बुङ्कोट गा.वि.स.को सोरठीको बारेमा भने उल्लेख गरेको पाइँदैन ।

गोरखा जिल्लाको बुङ्कोट गा.वि.स.मा पाइने समग्र सोरठीको बारेमा अहिलेसम्म कुनै व्यक्ति वा संस्थाबाट अध्ययन नभएकाले यस अध्ययनपत्रमा त्यस भेकमा प्रचलित सोरठीको बारेमा अध्ययन गरिएको छ ।

### १.५ अध्ययनको औचित्य

लोकसाहित्यको खानी मानिने गोरखा जिल्लाको बुङ्कोट गा.वि.स.मा प्रचलित तीज गीत, असारे गीत, बालुन, भजन, झ्याउरे चुट्का जस्ता लोकसाहित्यका बारेमा प्रामाणिक एवम् व्यावहारिक अध्ययन भएका् छैन, त्यसमाथि लोकनाटक सोरठीका बारेमा हालसम्म पनि अध्ययन हुन सकेको छैन । गोरखा जिल्लाको बुङ्कोट गा.वि.स.का मगर जातिहरू सोरठी नाचमा पारङ्गत छन् ।  तर उनीहरूको प्रतिभालाई लोकसंस्कृतिको विकासमा राष्ट्रले उचित संरक्षण र उपयोग गर्न सकेको छैन । नेपाली लोकसंस्कृतिको जगेर्नामा यहाँको सोरठीले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । आदिम समयदेखि विशेषतः दसैंको कालरात्रिदेखि सुरु गरेर मङ्सिर महिनामा अन्त्य गरिने अथवा अँधेरीबाट सुरु गरेर उजेलीतिर पुऱ्याई अन्त्य गरिने यस सोरठीको महत्त्वपूर्ण साँस्कृतिक मूल्य रहेको छ । मौखिक रूपमा रहेको तथा लोप हुन लागेको यस क्षेत्रको सोरठीलाई लिपिबद्ध गरेर स्थायित्व दिनु आवश्यक छ । साथै यसमा प्रतिबिम्बित लोकमानस एवम् लोकभावनाका विविध पक्षसँग भावी पिँढीको साक्षात्कार गराउनु र राष्ट्रियस्तरमा सोरठी लोकनाटकको परिचय दिलाएर नेपाली लोकनाट्यसाहित्यको श्रीवृद्धिमा थप योगदान पुऱ्याउनुमा यस अध्ययनको औचित्य वा महत्व रहेको छ । हालको साइवर संस्कृति एवम् पश्चिमेली संस्कृतिको प्रभावसँगै लोप हुन लागेका मौलिक नेपाली संस्कृतिको संरक्षणमा ठोस योगदान पुऱ्याउने अध्ययनको महत्त्व स्वतः सिद्ध हुने हुँदा सोही लक्षणको प्रस्ततु अध्ययनको पनि औचित्य र महत्त्व हुने नै छ ।

### १.६ अध्ययनको क्षेत्र र सीमा

गोरखा जिल्लामा अवस्थित बुङ्कोट गा.वि.स.का मगर जातिमा प्रचलित लोकनाटक सोरठीको विश्लेषणमा मात्र यो अध्ययन केन्द्रित रहेकोछ ।

### १.७ अध्ययन विधि

#### क. सामग्री सङ्कलन विधि

सोरठी लोकनाटक अध्ययन गर्ने क्रममा बुङ्कोटको वडा नं ३ र ४ मा रहेका मगर बस्तीका काउले भङ्गार र मास्कीछापमा गई सोरठी प्रदर्शन भइरहेको अवलोकन गरी सम्बन्धित कलाकार तथा बूढापाकासँग भेटवार्ताका साथै पुस्तकालयीय पद्वतिबाट सामग्री लिइएको छ ।

#### ख. सामग्री विश्लेषण विधि

बुङ्कोटको क्षेत्र भ्रमणबाट प्राप्त सोरठीलाई लोकनाटकका तत्त्वहरू एवं रस सिद्वान्त, अलङ्कार, र धार्मिक विषयवस्तु, लोकविश्वास, प्रेम , वहुबिवाहसम्बन्धी संस्कार, दण्डसजाय गर्ने परिपाटी, मानवीय सेवाको चित्रण, प्रकृतिको चित्रण, वाद्यवादनको चित्रण, औषधी चित्रण, नैतिक दृष्टिकोणबाट सोरठीको विश्लेषण गरिएको छ ।

### १.८ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई निम्न छ अध्यायमा विभाजन गरी सङ्गठित पारिएको छ ।

१. पहिलो अध्याय : अध्ययन परिचय

२. दोस्रो अध्याय : बुङ्कोट गा.वि.स. को सङ्क्षिप्त परिचय

३. तेस्रो अध्याय : लोकनाटकको सैद्धान्तिक परिचय

४. चौथो अध्याय : बुङकोट गा.वि.स.मा प्रचलित सोरठीको विश्लेषण

५. पाँचौ अध्याय : स्थानीय मगर जाति र सोरठीको सम्बन्ध ।

६. छैटौं अध्यायः उपसंहार

# अध्याय - दुई

# २.बुङ्कोट गा.वि.स.को सङ्क्षिप्त परिचय

## २.१ भौगोलिक अवस्थिति

विश्व मानचित्रमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल, गोरखा जिल्लाको बुङ्कोट गाउँ विकास समिति २७° ५८" १७' उत्तरी अक्षांश र ८४° ४०" २' पूर्वी देशान्तरमा (गा.वि.स. वस्तुगत विवरण २०६८) फैलिएको छ । यो गा.वि.स. पश्चिमबाट पूर्वतर्फ साँगुरिदै गएको छ । यस बुङ्कोट गा.वि.स., नेपालको शाहवंशीय राजा पृथ्वीनारायण शाहको ऐतिहासिक नगरी गोरखा दरबारबाट नजिकै पर्दछ । यसको उत्तरतर्फ ज्यादुल खोला र दक्षिणतर्फ बही खोलाले सीमाङ्कन गरेको छ भने पूर्वतर्फ दुबै खोलाको दोभानले छुट्टयाएको छ । त्यस्तै पश्चिममा ढुङ्गागाडे रानीस्वाँरा हुदै बही खोला यसको सीमाङ्कन रेखा हो । यस गा.वि.स. को पूर्वतर्फ बोर्लाङ र नामजुङको तल्लो भाग पर्दछ भने उत्तरतर्फ अश्राङ र ताप्ले गा.वि.स. पर्दछ । त्यस्तै दक्षिणतर्फ घैरुङ र नामजुङको माथिल्लो भाग पर्दछ भने पश्चिममा गोरखा नगरपालिका र फिनामको दोसाँधसँग वनको सीमाना जोडिएको छ ।

## २.२ क्षेत्रफल तथा भू बनोट

औसत ९४७ मिटर उचाइमा रहेको यस गा.वि.स.को अग्ला भू-भागहरूमा मकैपुर डाँडा, ऐतिहासिक धार्मिक स्थल कोटकाली, महादेव स्थान, लाखेडाँडा उच्च थुम्काहरू हुन । खाब्दी भञ्ज्याङ्ग, मकैपुर, पोखरीडाँडा, काहुले भङ्गार मास्कीछाप, छापबारी, हटिया, छापथोक, कुवापानी, मैलुङमध्य उचाइका अग्ला बस्ती भएका इलाकाहरू हुन । यस्तैगरी भिराला बस्तीहरु तिवारी गाउँ, चापाबोट, ढोडेनी हुन् । यस गा.वि.स.मा बाह्रबिसे, कुमलटार, बाहुन टार, छबिसे, बराह फाँट आदि तल्लो र समधर भाग अर्न्तगत पर्दछन् । यस गा.वि.स.को कूल क्षेत्रफल २८ वर्ग कि.मि. रहेको छ (बुङ्कोट गा.वि.स. वस्तुगत विवरण २०६८) ।

## २.३ जनसङ्ख्या

यस बुङ्कोट गा.वि.स.को कूल जनङ्ख्या ९५८३ रहेको छ । जम्मा महिला ४७३५, पुरुष ४८४८ र परिवार सङ्ख्या १५७८, औषत परिवार सङ्ख्या ६.०७ रहेको छ । बुङ्कोट गा.वि.स.को वडास्तरीय जनसङ्ख्या निम्नअनुसार छ ।

**तालिका नं.१**

| वडा नं | गाउँ तथा वस्ती | जातजाति | जनसङ्ख्या |
|---|---|---|---|
| १ | अधेरी, सुसारे, गरञ्जा, बोर्लाङ, निम्जुङ, डाँडा गाउँ | मङ्गार, नेवार, गुरुङ | १२८८ |
| २ | भण्डारी गाउँ, वसन्त गाउँ, डाँडागाउँ, तिवारी गाउँ, आरु स्वारा, तल्लो खाब्दी, मकैपुर | नेवार, ब्राम्हण, क्षेत्री | ९७४ |
| ३ | तीनखण्डे, मास्कीछाप, ओयाक,देउराली | मगर,ब्राम्हण,नेवार,कामी | १५६३ |
| ४ | लम्साल गाउँ,पोखरी डाँडा,भङ्गार, काउले | ब्राम्हण, मगर | १४३४ |
| ५ | सिउंडीपानी, छापबारी, धारापानी, हटिया, गैरीगाउँ | क्षेत्री, नेवार, सार्की | १००७ |
| ६ | छापथोक, बगाले डाँडा, चाँपाबोट | नेवार, क्षेत्री, ब्राम्हण | १०५८ |
| ७ | घर्ती गाउँ, जोगी डाँडा | नेवार, क्षेत्री, ब्राम्हण | ४८६ |
| ८ | कुवापानी, छविसे | क्षेत्री, ब्राम्हण, दमाई | ७३९ |
| ९ | पार्कुना, ढकाल गाउँ, मैलुङ | ब्राम्हण, क्षेत्री, सार्की | १०३४ |
| | जम्मा | | ९५८३ |

(बुङ्कोट गा.वि.स. विवरण २०६८)

## २.४ विद्यालय तथा शैक्षिक स्तर

यस गा.वि.स.मा जम्मा प्रा.वि.-८, नि.मा.वि.-१, मा.वि.-१, उ.मा.वि.-१, गरी ११ वटा सामुदायिक विद्यालय छन् भने एउटा निजी विद्यालय रहेको छ । यस गा.वि.स. अन्तर्गत लगभग २३४५ विद्यार्थीहरू विभिन्न तहमा अध्ययनरत छन् भने हालसम्म यहाँबाट

एस.एल.सी. ८५८, प्र.प. तह ३६१, स्नातक ९६, स्नातकोत्तर ३४ र विद्यावारिधि २ जनाले गरेका छन् । साक्षरता प्रतिशत ८०.९३ रहेको छ (बुङ्कोट गा.वि.स. विवरण २०६८) ।

## २.५ सडक

यस गाउँ विकास समितिमा ढुङ्गागाडे देखि मकैपुर, खाब्दी भञ्ज्याङ सिउडीपानी, हटिया, मैलुङ हुदै बोर्लाङको क्यामुन्टार सम्म र खाब्दी भञ्ज्याङबाटै लाखेडाँडा हुदै नामजुङ सम्म कच्ची सडक निर्माण भएको छ । यस गाउँ विकास समितिका सबै वडामा कच्ची सडक पुगेको छ । बस्तीका हरेक घरबाट १५  देखि २५ मिनेट सम्ममा सडकमा पुग्ने सुविधा रहेको छ। यस गा.वि.स.मा लगभग ४० कि.मि.कच्ची सडक निर्माण भएको छ।

## २.६ सञ्चार र विद्युत

यस गाउँ विकास समितिका मानिसले सञ्चार क्षेत्रमा केही समय यता घरमा रेडियो, केबल जोडेको टि.भि., मोबाईल र इन्टरनेट सुविधा समेत उपयोग गर्न पाएका छन् । यस गाउँ विकास समितिमा  प्रायः सम्पूर्ण घरमा विद्युत सुविधा पुगेको छ।

## २.७ सामाजिक स्थिति

### २.७.१ जातिय अवस्थितिः

यस गाउँ विकास समितिमा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, नेवार, दलित र अन्य जातिकोबसोबास रहेको पाइन्छ।

## तालिका नं.२

## जातिगत आधारमा जनसंख्या विवरण

| वडा.नं. | ब्राम्हण | | | क्षेत्री | | | नेवार | | | मगर | | | गुरुङ | | | दलित | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| १ | १५ | १५ | ३० | २ | ३ | ५ | १६६ | १६२ | ३२८ | २५१ | २३० | ४८१ | १९९ | १७८ | ३७७ | २९ | ३४ | ६३ | २ | २ | ४ |
| २ | ४७ | ४३ | ९० | ५३ | ५७ | ११० | २८० | २७१ | ५५१ | ९७ | ९८ | १९५ | १२ | ४ | १६ | ५ | ७ | १२ | ० | ० | ० |
| ३ | ४६ | ४७ | ९३ | ३२ | ३१ | ६३ | २४० | २२२ | ४६२ | ३४० | ३६१ | ७०१ | ८ | ८ | १६ | १२२ | १०६ | २२८ | ० | ० | ० |
| ४ | ९६ | ८६ | १८२ | ५ | ६ | ११ | २६५ | २४० | ५०५ | ३०५ | ३०३ | ६०८ | ० | ० | ० | ६५ | ५१ | ११६ | ७ | ५ | १२ |
| ५ | २१ | २८ | ४९ | ८७ | १०१ | १८८ | २४१ | २३४ | ४७५ | ५० | ५६ | १०६ | ० | ० | ० | ११३ | १०३ | २१६ | ० | ० | ० |
| ६ | २५ | २५ | ५० | ५२ | ५७ | १०९ | ४२२ | ४५७ | ८७९ | ६ | ६ | १२ | ० | ० | ० | ५ | ३ | ८ | ० | ० | ० |
| ७ | १३७ | १४७ | २८४ | ४७ | ४७ | ९४ | ४८ | ५३ | १०१ | ० | ० | ० | ० | ० | ० | ३ | ४ | ७ | ० | ० | ० |
| ८ | १५१ | १५२ | ३०३ | १४५ | ११६ | २६१ | ० | ० | ० | ३ | १ | ४ | ० | ० | ० | ९४ | ७७ | १७१ | ० | ० | ० |
| ९ | २१७ | २०० | ४१७ | ७८ | ६२ | १४० | ३ | ४ | ७ | ३५ | ३४ | ६९ | ० | ० | ० | १९६ | २०५ | ४०१ | ० | ० | ० |

(बुङ्कोट गा.वि.स. विवरण २०६८)

**तालिका नं.३**

**जातिगत जनसङ्ख्या विवरण**

| जाति | जनसंख्या | घरधुरी |
|---|---|---|
| ब्राम्हण | १४९८ | २५६ |
| क्षेत्री | ९८१ | १६६ |
| दलित | १२२२ | २२६ |
| नेवार | ३२८१ | ५२८ |
| मगर | २१७६ | ३२७ |
| गुरुङ | ४०९ | ७१ |
| अन्य | १६ | ४ |
| जम्मा | ९५८३ | १५७८ |

(बुङ्कोट गाविस विवरण २०६८)

### २.७.२ भाषा, धर्म र चाडपर्व

बुङ्कोट गाउँ विकास समितिमा नेपाली र मगर भाषा मात्र  मातृभाषाको रूपमा बोलिन्छ । नेवारको जनसङ्ख्या सबैभन्दा बढी भए तापनि उनीहरू नेपाली भाषा नै बोल्दछन् । नेपाली मातृभाषा बोल्ने जनसङ्ख्या ८७८४ र परिवार सङख्या १४६० रहेको छ भने मगर मातृभाषा बोल्ने जनसङ्ख्या ७९९ र परिवार सङ्ख्या १८८ रहेको पाइन्छ । अन्य सबै जाति समुदायले नेपाली भाषा प्रयोग गरेका पाइन्छ भने मगर जातिको समेत सम्पर्क भाषा नेपाली नै रहेको पाइन्छ । आ-आफ्नो मातृभाषामा पठनपाठनको अधिकार भए पनि यसको व्यवस्था हुन नसकेकोले नयाँ पुस्तामा मगर, गुरुङ भाषाको ज्ञानको कमी हुनुको साथै ती भाषा लोपोन्मुख अवस्थामा रहेको देखिन्छ ।

यस गा.वि.स.मा हिन्दू धर्म मान्ने जनसङ्ख्या ९२४० परिवार सङ्ख्या १५२६, बौद्ध ३१९ परिवार सङ्ख्या ४८ , मुस्लिम ८ परिवार सङ्ख्या २, क्रिश्चियन १५ परिवार सङ्ख्या २ रहेको  छ ।

**तालिका नं.४**

**धर्मको आधारमा बुङ्कोटको जनसङ्ख्या**

| वडा नं | हिन्दू धर्म | | बौद्ध धर्म | | मुस्लिम धर्म | | क्रिश्चियन धर्म | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जन( सङ्ख्या | परिवार सङ्ख्या | जन( सङ्ख्या | परिवार सङ्ख्या | जन( सङ्ख्या | परिवार सङ्ख्या | जन( सङ्ख्या | |
| १ | १५९ | ९३९ | ४७ | ३१५ | | | २ | १५ | |
| २ | १५५ | ९८५ | १ | ४ | | | | | |
| ३ | २५८ | १५५४ | | | | | | | |
| ४ | २२६ | १४१२ | | | २ | ८ | | | |
| ५ | १६१ | १०२३ | | | | | | | |
| ६ | १६६ | १०५२ | | | | | | | |
| ७ | ८१ | ४८६ | | | | | | | |
| ८ | १३३ | ७४९ | | | | | | | |
| ९ | १८७ | १०४० | | | | | | | |
| जम्मा | १५२६ | ९२४० | ४८ | ३१९ | २ | ८ | २ | १५ | |

(बुङ्कोट गा.वि.स. विवरण २०६८)

हिन्दूधर्मावलम्बीहरू तीज, दसैं, तिहार श्रीपञ्चमी, रक्षाबन्धन, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, बैशाख सङ्क्रान्ति, पुष पन्ध्र, फागु पूर्णिमा, चैते दशैं, रामनवमी, मातातीर्थ औंशी जस्ता चाडपर्वका साथै दुर्गा पूजा, नाग पूजा, कूल पूजा, पितृ पूजा (श्राद्ध) जस्ता पूजाहरू निकै धुमधामका साथ र विशेष उत्साह साथ मनाउने गर्दछन् । त्यस्तै बौद्ध धर्म मान्ने गुरुङ समुदायले पनि दशैं, पुष पन्ध्र, ल्होसार, जस्ता चाड विशेष धुमधामका साथ मनाउँछन् । मुस्लिमले इद र बकरइद, क्रिश्चियनले क्रिसमस धुमधामसँग मनाउँछन् । यसका साथै सबै समुदायमा न्वारन, पास्नी, चूडाकर्म, विवाह, मृत्यु जस्ता संस्कारहरू आ-आफ्नै किसिमले मनाउने गर्दछन् । यसै गरी सामाजिक परम्परा अन्तर्गत झाँक्री बोलाउने, गाउँ बार्ने, वर्ग गन्ने अर्मपर्म प्रथा कचहरी बस्ने जस्ता सामाजिक संस्कारको प्रचलन पनि उत्तिकै मात्रामा रहेको पाइन्छ । खासगरी मगर गुरुङ

जातिको आफ्नै भेषभूषा भए तापनि हाल आएर विशेष चाडपर्व तथा पूजा आजाका अवसरमा मात्र लगाउने गरेको पाइन्छ । सबै जातिका पुरुषहरूमा दौरा, सुरुवाल, कोट र महिलामा सारी, चोली, पटुका, पछ्यौरा लगाउले प्रचलन भए तापनि पाश्चात्य संस्कारले यस समुदायका मानिसहरूलाई पनि छोएको कारणले गर्दा सर्ट, पाएन्ट, कुर्ता, सलवार, कोट, टाई लगाउने प्रचलन पनि रहेको पाइन्छ । यस गाउँ विकास समितिमा धार्मिक स्थलहरू बुङ्कोट काली मन्दिर, महादेव मन्दिर, भीमसेन मन्दिर, जलकन्या मन्दिर, वनकाली मन्दिर, गुम्बा,चण्डी मन्दिर र देवी मन्दिर रहेका छन् भने ऐतिहासिक धरोहरमा नेपालका प्रथम सहिद लखन थापाको स्मारक पनि रहेको छ ।

### २.८ आर्थिक स्थिति

यस गाउँ विकास समितिको मुख्य आर्थिक मेरुदण्ड भनकै कृषि, पशुपालन वैदेशिक रोजगार र सरकारी सेवा हो । कृषिमा धान, मकै, कोदो, गहुँ आदि अनाज तथा मौसमी र बेमौसी तरकारी रहेको छ । वैदेशिक रोजगारमा यहाँको युवाहरू  खाडी मुलुक, मलेसिया, भारत र अन्य क्षेत्र जाने गरेको पाइन्छ । यस गाउँ विकास समितिका मुख्य व्यापारिक केन्द्रहरु खाब्दी भञ्ज्याङ, लाखे डाँडा र लाकुरी भञ्ज्याङ हुन् । यहाँको प्रतिव्यक्ति आय १२८ यु.एस.डि.रहेको छ भने खेतियोग्य पाखो जमिन ४४८ हेक्टर, खेत ३४० हेक्टर र जम्मा वनको क्षेत्रफल १५१२.५० हेक्टर रहेको छ ( बुङ्कोट गा.वि.स. विवरण २०६८) ।

### २.९ साँस्कृतिक अवस्था

बुङ्कोट गा.वि.स. साँस्कृतिक विविधताले भरिपूर्ण भएको स्थान हो । यहाँको आवादी नेवार, मगर, ब्राम्हण, क्षेत्री, दलित र गुरुङ जातिको रहेको छ । ब्राम्हण, क्षेत्री र दलितमा तीज गीत, रत्यौली, भजन, बालुन, मालश्री, असारे गीत गाएर रमाउने गर्दछन् भने मगर गुरुङहरूमा सोरठी घाँटु चुट्का, झ्याउरे, जस्ता लोकनाटकहरूका गीत गाउने, नाच्ने प्रचलन रहेको पाइन्छ ।

अझ विशेष गरी यस ठाउँमा अति प्रचलित सोरठी लोकनाटको संस्कृतिको क्षेत्रमा विशेष आनन्द थपेको अनुभूत गर्न सकिन्छ । यहाँका हरेक जातिले गाउने हरेक गीतहरू नेपाली भाषामा नै गाउने प्रचलन छ । राष्ट्रस्तरीय लोकगीतका कलाकारहररू, लोकगीत गायकहरूले, लोकदोहोरी गायकहरूको पनि उपस्थिति देखाएका छन् । यस ठाउँमा समय समयमा मनाइने विभिन्न पर्वहरू माघेसङ्क्रान्ति, तीज, ल्होसार, चैतेदशैं आदिका अवसरमा आयोजित कार्यक्रम तथा फुटबल,

भलिबल जस्ता प्रतियोगिता अनि उत्सव जात्राहरूमा विविध लोकसंस्कृति झल्कने खालका कार्यमा यहाँका बासिन्दा त्यत्तिकै दत्तचित्त भएर लागिपरेको पाइन्छ ।

विभिन्न सञ्चार माध्यमबाट प्रसारित  गीतहरूले यहाँको आफ्नै मौलिक लोकसंस्कृतिमा प्रत्यक्ष प्रभाव पारे पनि यहाँ गुञ्जिने लोकगीतले छुट्टै मौलिक विशेषता एवम् पहिचान बोक्न सफल भएका छन् । यहाँका बासिन्दाहरू मौलिक, सामाजिक, धार्मिक तथा स्थानीय संस्कृतिलाई आत्मसात् गर्दै लोकगाथाहरू श्लोकबद्ध रूपमा प्रस्तुत गर्न स्थानीय संस्कृतिलाई आत्मसात् गर्दै प्रस्तुत गर्न सिद्धहस्त देखिन्छन् । यसबाट प्रस्ट हुन्छ कि यहाँका जातिहरू लोकगीत र संस्कृति भनेपछि हुरुक्क हुन्छन् । उदाहरणमा विभिन्न जातिका लोकगीतहरू यस प्रकारका छन् :-

ब्राह्मण, क्षेत्रीले गाउने लोकगीत (भजन)
पश्चिम दिशाको कालिका माई दक्षिण दिशा जाऊ
दक्षिण दिशाको भैरवी माई पूर्व दिशा जाऊ
उत्तरी दिशाको चण्डी माई पश्चिम दिशा जाऊ
पूर्वी दिशाको मण्डली माई उत्तर दिशा जाऊ

धार्मिक आस्थामा आधारित भजन ब्राम्हण क्षेत्री जातले गाउने गर्दछन् । यहाँको भूगोललाई चारै तर्फ देवीले घेरेको अवस्थालाई भजन मार्फत जानकारी दिएको छ । साथै यहाँ घन्किने झ्याउरे, सोरठी, रोइला,चुड्का आदिले त लोकसंस्कृतिलाई जीवन्तता प्रदान गर्न पुगेको छ ।

राम भने तरिन्छ,जन्मेपछि मरिन्छ । (चुड्का)
तीज आयो भन्छन् सबै माइत जान्छन्, म चेली अभागी कस्को माइत जाउ (तीज गीत)
ल्याए ल्याए रामले सीता अघि लाई
कत्रो होलान् गाग्री कुडें कत्रो होलान् गाई
ल्याए ल्याए रामले सीता अघि लाई
लोटा जत्रा गाग्री कुडें मुसा जत्रा गाई
ल्याए ल्याए रामले सीता अघि लाई (रत्यौली)

यसरी अति मर्मस्पर्शी र रमाइला गीत गाउने प्रचलनले यो ठाउँ लोकसंस्कृतिको क्षेत्रमा स्मरणीय र महत्वपूर्ण धरोहर रहेको छ । यहाँ मनाइने विभिन्न चाडपर्वमा गरिने पूजा साथै सामाजिक रहनसहन र परम्पराले गर्दा साँस्कृतिक क्षेत्रमा यो गा.वि.स. उल्लेखनीय  रहेको छ ।

# अध्याय -तीन

# ३.नेपाली लोकनाटकको सैद्धान्तिक परिचय

## ३.१ लोकनाटकको परिचय

'लोक' र 'नाटक' जस्ता दुई शब्दको समस्त रूप नै लोकनाटक हो । संस्कृतको 'लोकदर्शने' धातुमा 'धञ्' प्रत्यय लागेपछि 'लोक' शब्दको जन्म हुन्छ । धातुगत अर्थ देख्ने व्यक्ति वा देख्ने वाला भए तापनि सामान्यतया लोक शब्द अन्य दुई अर्थमा पनि प्रयोग भएको पाइन्छ । स्थानवाचकका रूपमा (स्वर्गलोक, पाताललोक, मर्त्यलोक आदि) र व्यक्ति वा जातिवाचकका रूपमा (जनता, दुनिया, समाज, संसार, प्राणी आदि) (उपाध्याय, २०६०:५) यहाँ दोस्रो अर्थलाई लिएको छ । अतः लोक भन्नाले समाज वा दुनिया भन्ने बुझिन्छ ।

त्यस्तै 'नट्' धातुमा 'अक' प्रत्यय लागि 'नाटक' शब्द निर्माण भएको हो । नट्को अर्थ चञ्चलता हो । अतः नाटक भन्नाले मानव शरीरका हात, गोडा, ओठ-मुख आदि अङ्ग प्रत्यङ्गादि सञ्चालन हुनु भन्ने बुझिन्छ । नाटकको पूर्व रूप नै नृत्य वा नाट्य हो । नाटक वा नाट्यको अर्थ चाहिँ नक्कल वा सर्वाङ्गीण अभिनय भन्ने हुन्छ । (शर्मा र लुइँटेल, २०६३,४३५) । अतः लोकनाटक वा लोकनाट्यको शाब्दिक अर्थ जनता, दुनियाँ वा संसारको सर्वाङ्गीण अभिनय भन्ने हुन्छ ।

## ३.२ लोकनाटकको परिभाषा

लोकनाटकलाई चिन्तक, अनुसन्धाता एवम् विद्वान्हरूले विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । तिनै विद्वान्हरूका परिभाषामध्ये महत्त्वपूर्ण केही परिभाषाहरूलाई आधार बनाउँदै लोकनाटकको परिभाषा दिइएको छ । केही विद्वान्हरूका परिभाषाहरू यस प्रकार छन् ।

मोहनराज शर्मा र खगेन्द्र लुइटेलले **लोकवार्ता विज्ञान र लोकसाहित्य**मा लोकनाटकलाई यसरी परिभाषित गरेका छन्: लोकभावना वा विचारको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने कार्यव्यापारमूलक एवम् अनुकरणात्मक अवैयक्तिक, भाषिक संरचनालाई लोकनाटक, लोकनाट्य भनिन्छ (शर्मा र लुइँटेल, २०६३:४३७) ।

बालकृष्ण पोखरेलले र अन्य **नेपाली वृहत् शब्दकोशमा** लोकनाटकलाई यसरी परिभाषित गरिएको छ । कुनै घटना वा पक्षको सिङ्गो कथानक नलिई लोकजीवनका दु:ख, सुख राष्ट्रिय मेलापर्व वा कुनै ऋतुकालीन सन्दर्भलाई अङ्गालेर रीतिरिवाजअनुसार जनधारणामा देखाइने अभिनयलाई लोकनाटक भनिन्छ । (पोखरेल र अन्य, २०५५:१५८)

चूडामणि बन्धुले **नेपाली लोकसाहित्यमा** लोकनाटकलाई यसरी परिभाषित गरेका छन्: लोकजीवनले उत्सव, पर्व तथा मनोरञ्जनका क्रममा जीवनका आशा, उमङ्ग तथा बह-विलौना, उच्छ्वास आदि भोगाइलाई आ-आफ्नै किसिमले व्यक्त गर्दछ । लोक अभिव्यक्तिका यसै क्रममा अभिनय हुन सक्ने विषयवस्तु प्रदर्शित गर्दै गाउँघरका ठाटी, पौवा, चौतारी, चौपारी वा सहरबजारका चोक, डबलीहरूमा मनोरञ्जनका निम्ति देखाइने परम्परागत नाटकलाई लोकनाटक भन्न सकिन्छ । (बन्धु २०६६,२६३)

माथि उल्लिखित परिभाषाहरूका आधारमा लोकनाटक भन्नाले कुनै व्यवसायिक प्रयोजन नभई विशुद्ध मनोरञ्जनसँग सम्बन्धित लोकजीवनले भोगेका आशा, उमङ्ग पीर-व्याथा, विलौनाहरूलाई विषयवस्तु बनाई लोकले चाहेअनुसारको ठाउँमा मञ्चन हुन सक्ने स्वतः स्फूर्त स्वाभाविक, शुद्ध र विकाररहित नाट्याभिनय नै लोकनाटक हो जसमा आफ्नै विशिष्ट गुरूपरम्परा, मंगलाचरणबाट आरम्भ, निश्चित भेषभूषा जस्ता विशेषताहरू अर्न्तनिहित हुन्छन् ।

## ३.३ लोकनाटकका तत्त्व

विभिन्न तत्त्वहरूको संयोजनबाट बनेको लोकनाटकका बारेमा चर्चा गर्दा ती तत्त्वहरूको चर्चा गर्नु वाञ्छनीय हुन्छ :जसले लोकनाटक बन्नमा विशिष्ट भूमिका निर्वाह गरेका हुन्छन् । लोकनाटकका तत्त्वहरूका बारेमा विभिन्न लोकनाट्यशास्त्रीहरूले विभिन्न रूपमा चर्चा गरेका छन्।

डा. श्याम परमारले कथानक, पात्र, चरित्र-चित्रण, अभिनय, रूपयोजना र प्रसाधना, सङ्गीतयोजना, उद्देश्य, भाषा तथा संवाद, लोकमञ्च र लोकवार्ता जस्ता दशतत्त्वलाई लोकनाटकका तत्त्वको रूपमा चर्चा गरेका छन् (परमार, १९९८:१७) ।

डा. सत्येन्द्रले चाहीँ अखण्ड, रङ्गमञ्च, अभ्यास, विज्ञापन र प्रबन्धादिलाई लोकनाटकका प्रमुख तत्त्व मानेका छन् । (सत्येन्द्र,१९७१:१०) ।

डा. मोतीलाल पराजुलीका अनुसार कथानक, पात्र, सङ्गीत, अभिनय, संवाद, भेषभूषा, उद्देश्य, शैली लोकमञ्च र भाषाजस्ता दश तत्त्वको संयोजनबाट लोकनाटक हुने बताएका छन् । (पराजुली, २०६३:२) ।

त्यस्तै मोहनराज शर्मा र खगेन्द्र लुइँटेलले कथानक, चरित्र, परिवेश, उद्देश्य, संवाद, द्वन्द्व, भाषा, शैलीजस्ता आठ तत्त्वको आवश्यकता दर्शाएका छन् । (शर्मा र लुइँटेल, २०६३:४३८) ।

लोकसाहित्यको क्षेत्रमा कलम चलाउने उपर्युक्त विद्वान्हरू मध्ये डा. सत्येन्द्रले दर्शाएका तत्त्वहरू अलिक अपूरा र अप्रासङ्गिक जस्ता लाग्छन् । त्यस्तै डा. परमार र डा. पराजुलीले चर्चा गरेका तत्त्वहरू शब्दमा फरक देखिए तापनि भाव एउटै जस्तो देखिन्छ । त्यस्तै शर्मा र लुइँटेलले बताएका तत्त्वहरूमा भेषभूषाजस्ता तत्त्वहरू अटाएका छैनन् । अतः समग्रमा लोकनाटकका तत्त्वहरूलाई यसप्रकार चर्चा गर्न सकिन्छ :-

| | | |
|---|---|---|
| कथानक | पात्र/चरित्र | सङ्गीत |
| नृत्य | संवाद | भेषभूषा |
| द्वन्द्व | उद्देश्य | परिवेश |
| भाषा | शैली | लोकमञ्च |

### ३.३.१ कथानक

घटना, प्रसङ्ग सन्दर्भ आदिको श्रृङ्खलाबद्धतालाई कथानक भनिन्छ । अर्को अर्थमा घटनावलीलाई जीवन्त तुल्याउने काम कथानकले गरेको हुन्छ । लोकनाटकमा संयोगान्त र वियोगान्त दुवै प्रकारका कथानक समावेश गरिएका हुन्छन् । त्यस्तै विषयवस्तुको स्रोत चाहिँ विशेष गरी इतिहास एवम् जनश्रुतिमा आधारित घटना हुन्छन् (शर्मा र लुइँटेल,२०६३:१५) ।

### ३.३.२ पात्र

पात्र भन्नाले कथानकलाई गति प्रदान गर्ने तत्त्व भनेर बुझिन्छ । यही पात्रले परिचय प्राप्त गरेपछि त्यो चरित्र हुन्छ । लोकनाटकमा पात्र भन्नाले सहभागी हुने व्यक्ति अथवा गीत, नृत्य, सङ्गीत र अभिनयमा भाग लिने कलाकार भन्ने बुझिन्छ । लोकनाटकको कथानकलाई घटित तुल्याउने र अगाडि बढाउने कार्यमा पात्र/चरित्रको विशिष्ट भूमिका रहन्छ । लोकनाटकमा मानव र मानवेतर पात्र/चरित्रको विशिष्ट भूमिका रहन्छ । लोकनाटकमा मानव र मानवेतर पात्र रहेको हुन्छ । लोकनाटकमा हाँस्यपात्र विदूषकको प्रयोग हुनुका साथै केही नाटकमा महिला पात्रको अभिनय पनि पुरुषपात्रद्वारा हुने हुँदा महिलाको अस्तित्व कम देखिन्छ (पराजुली,२०६३:६) ।

### ३.३.३ सङ्गीत

“गीतं-बाद्यं तथा नृत्यं त्रयोसंगीतमुच्यते” अथवा गीत, बाजा र नाचको समुच्य रूप सङ्गीत हो । लोकनाटकको लागि लोकगीत, सङ्गीत र नृत्य प्राणतत्त्वको रूपमा प्रतिष्ठापित भएको हुन्छ । लोकनाटकको सङ्गीत परम्पराअनुसारको लोकसङ्गीत हुन्छ । सङ्गीत आञ्चलिक तथा प्रान्तीय पनि हुन्छ । यसर्थ सङ्गीत पनि लोकनाटकको प्रमुख तत्त्व मानिन्छ (उपाध्याय, २०५६:१४) ।

### ३.३.४ नृत्य

नृत्य लोकनाटकको अर्को महत्त्वपूर्ण तत्त्व हो । लोकनाटकको मञ्चनका क्रममा देखापर्ने पात्रहरूले कथावस्तुलाई नृत्यका माध्यमबाट पनि प्रस्तुत गर्छन् । विषय वस्तु वा कथावस्तुलाई अझ प्रभावकारी बनाउनका लागि नृत्य तत्त्वको ठूलो भूमिका  रहन्छ ।

### ३.३.५ संवाद

संवाद पनि लोकनाटकको महत्त्वपूर्ण तत्त्व मानिन्छ । सामान्यतः दुई वा दुईभदा बढी  पात्रका बीच हुने कुराकानीलाई संवाद भनिन्छ । पात्रले एक्लै गरेको कुराकानीलाई एकालाप भनिन्छ भने एकभन्दा बढी पात्रका बीच हुने कुराकानीलाई वार्तालाप भनिन्छ । लोकनाटकमा संवाद गीतका रूपमा हुन्छ अथवा लयात्मक हुन्छ भने अभिनयको क्रममा छोटा, सरल, र श्रोतालाई आकर्षित गर्ने खालका संवादको पनि प्रयोग गरिएको हुन्छ ।

### ३.३. ६ भेषभूषा

भेषभूषा भन्ने शब्द लगाउने कपडा र शृङ्गारका रूपमा प्रयोग गरिने आभूषण वा गहनासँग सम्बन्धित हुने हुनाले यहाँ नाट्यकलाकारहरूले अभिनय गर्ने वा नाटक प्रदर्शन गर्ने समयमा प्रयोग गर्ने कपडा वा शृङ्गारका साधनलाई नै भेषभूषा भनिएको हो । लोकनाटकको छुट्टै अस्तित्व वा पहिचान राख्ने काममा भेषभूषाको पनि अहम् भूमिका रहेको हुन्छ । लोकनाटकमा आडम्बरी फेसनले कुनै स्थान पाउँदैन भने राष्ट्रिय पोसाक एवम. विशेषत जातीय संस्कृति झल्किने पारम्परिक भेषभूषाको महत्त्वपूर्ण स्थान हुन्छ । अतः भेषभूषाकै आधारमा कतिपय लोकनाटकको जातीय गौरव अस्तित्त्व एवम. ऐतिहासिकता झल्किने भएका कारण लोकनाटकमा भेषभूषाको महत्वपूर्ण स्थान हुन्छ ।

### ३.३.७ द्वन्द्व

अनुकुल र प्रतिकूल व्यक्ति वा परिस्थितिका बीचको सङ्घर्षलाई द्वन्द्व भनिन्छ । द्वन्द्वले पात्रहरूका क्रियाकलापलाई चर्काएर पात्रलाई क्रियागत देखाउने, आकस्मिक मोड ल्याई नाटकीयता पैदा गर्ने र कथानकलाई गतिशील तुल्याउने महत्त्वपूर्ण कार्य गर्ने हुँदा नाटकमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । द्वन्द्व आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । एउटै व्यक्तिका मनका दुई परस्पर विरोधी भावका बीचको द्वन्द्वलाई आन्तरिक द्वन्द्व र दुई वा बढी व्यक्तिको परस्पर विरोधलाई बाह्य द्वन्द्व भनिन्छ ।

### ३.३.८ उद्देश्य

लोकनाटकको खास प्रयोजनलाई उद्देश्य भनिन्छ । मानिसले जसरी कुनै काम गर्दा निश्चित लक्ष्य वा उद्देश्य लिएको हुन्छ , त्यसैगरी लोकनाटकको पनि आफ्नै उद्देश्य रहेको हुन्छ । मनोरञ्जन प्रदान गर्नु, भक्तिभाव जगाउनु, शिक्षा उपदेश दिनु, आर्थिक आम्दानी जस्ता उद्देश्यहरू लोकनाटकले लिएको हुन्छ ।

### ३.३.९ परिवेश

स्थान, समय र वातावरणको योगलाई परिवेश भनिन्छ । लोकनाटकमा यस तत्त्वलाई त्यति महत्त्व नदिएको देखिए तापनि तिनमा प्रत्यक्ष -परोक्ष कुनै न कुनै परिवेश आएको पाइन्छ ।

### ३.३.१० भाषा

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो र लोकनाटक लोकसाहित्यिक अभिव्यक्तिअन्तर्गतको एक विशिष्ट रूप वा विधा भएकाले यसमा पनि भाषाको केन्द्रीय भूमिका हुन्छ । भाषाकै माध्यमबाट एक अर्काको विचार वा भाव साटफेर गर्ने गरिन्छ । लोकनाटकमा सबैले झट्ट बुझ्िने खालको सरल भाषा प्रयोग गरिन्छ । लोकनाट्यगीतमा भाषाको प्राचीन रूप र शैलीका साथै जातीय भाषिकाको पनि प्रयोग भएको हुन्छ । लोकनाटकको भाषामा स्थानीयताको खास प्रभाव पाइन्छ ।

### ३.३.११ शैली

नृत्यनाटिकामा रहेको नृत्यशिल्पलाई शैली भनिन्छ (पराजुली,(२०६३:५)। शैली लोकनाटकको शिल्प पक्षसँग सम्बन्धित तत्त्व हो । लोकनाटकमा प्रयोग भएका शैलीहरूका भेदको चर्चा पाइन्छ । ती मारुनी शैली, लीला शैली, भारतशैली र समूहलास्य शैली । सोरठी, बालन, भारत र घाँटु, जस्ता लोकनाटकमा क्रमशः मारुनी, लीला, भारत र समूहलास्य शैली प्रयोग भएको पाइन्छ ।

### ३.३.१२ लोकमञ्च

मञ्चनीय तत्वविना नाटक, नाटक हुन नसक्ने हुँदा मञ्चनीय तत्व नाटकको प्रमुख तत्त्व हो । नाटक मञ्चन हुनका लागि रङ्गमञ्चको जरुरी पर्छ । लोकनाटकको रङ्गमञ्च भन्नाले आधुनिक रङ्गमञ्च, नाट्यशाला नभई गाउँभरका आँगन, चौतारी, मन्दिर र डबलीजस्ता सर्वसुलभ ठाउँ भन्ने बुझिन्छ । लोकनाटकको रङ्गमञ्च सामान्य हुने हुँदा यसलाई लोकमञ्च भनिएको हो ।

## ३.४ लोकनाटकका विशेषता

विभिन्न लोकनाटक र तिनका स्वरूपहरूको अध्ययन गर्ने क्रममा विभिन्न लोकसाहित्य शास्त्रीहरूले लोकनाटकका विशेषताहरूलाई फरक फरक ढङ्गले व्याख्या गर्ने गरेको पाइन्छ ।
भारतीय विद्वान् कृष्णदेव उपाध्यायले लोकनाटकका विशेषतालाई यसरी चर्चा गरेका छन् *!*
भाषा अलङ्कृत नभई दैनिक प्रयोगमा आउने सरल हुन्छ । यसको संवाद छोटा हुन्छ । लोकनाटकमा केटाकेटी र युवायुवतीको प्रयोग भए तापनि कतै पुरुष पात्र मात्र पनि हुन्छन् । प्रदर्शनको प्रान्त (ठाउँ) अनुसार एउटै नाटक पनि फरकफरक हुन्छ । रङ्गमञ्च खुल्ला हुन्छ । ( उपाध्याय, सन् १९९८:२६२)
त्यस्तै धर्मराज थापा र हंसपुरे सुवेदीले लोकनाटकका विवेचनाका क्रममा निम्नबमोजिमका विशेषताको चर्चा गरेका छन् ।

### क.सानो ठूलो कुनै न कुनै कथावस्तु हुनु

लोकनाटकमा कुनैनकुनै घटना (कथावस्तु) हुन्छ । यी कथावस्तुहरू कुनै दन्त्य कथामा कुनै पौराणिक कथामा आधारित हुन्छन् । यही वास्तविक वा अवास्तविक कथामा अभिनयात्मक रङ्गरेखा भरी रचिएका यी लोकनाटकहरु लोकजीवनलाई आकर्षक गर्ने किसिमले ठिक्क पारिन्छन् । यहाँको कथावस्तु अलौकिक महिमामय हुन्छन् ।

**ख.सरल र सहज भावना पाउनु**

यी लोकनाटकहरु कुनै पनि शिक्षित पठितका साधनायुक्त गलाबाट विकसित भएका हैनन् यी त प्रकृतिका सहज र सुकुमार अशिक्षित सामान्य गलाबाट निर्मित हुन् । यसैले यहाँ कुनै बौद्धिक तीव्रता र चेतनाको चिन्तनात्मकता पाइँदैन् । जति भनाइ छ जति भावना त्यो सहज र सरस मानवहृदयलाई चिन्न सक्ने तालको पाइन्छ ।

**ग.गेयात्मक सरल भाषा हुनु**

लोकनाटक गेयात्मक रूपको मिठास र रसमय पाइन्छ । यद्यपि यो लोकगीत भ्कै तुकबन्दी र चुटकिलो रूपमा पाइँदैन तर पनि गद्य भ्कैं उराठलाग्दो पनि होइन ।

**घ.संवादात्मक हुनु**

लोकनाटकको अर्को विशेषता पात्रपात्राहरूमा पाइने वातचित वा संवादात्मक रूप हो । पात्रहरूमा भएको संवादले दर्शकमा उत्सुकता, खुल्दुली र सुरुचिपूर्ण उत्कण्ठा बढ्दै जान्छ । रमाइलो वातावरण पैदा गराउँछ ।

**ङ.सहज निर्माण साध्य हुनु**

लोकनाटकको मञ्च लोकनाटकको भेषभूषा कठिन र दुःसाध्य हुँदैन । प्रकृतिको खुला रङ्गमञ्चमा लोकनाटकहरू सहज रूपले प्रस्तुत गरिन्छ । सिङ्गारपटारका भ्कमक आफ्नै प्रकारको हन्छ । तर पनि विशेष रोवरवाफ नगरी पात्रअनुसारको सामान्य भेषभूषा र रङ्गरोगनमा यिनीहरु उभिन्छन् ( थापा र सुवेदी, २०४१,३४७) ।

## ३.५ लोकनाटकको वर्गीकरण

लोकनाटकको वर्गीकरण गर्ने क्रममा लोकसाहित्यका अध्येताहरूले फरक फरक आधारमा वर्गीकरण गरेका छन् । ती मध्ये केही अनुसन्धाताहरूले गरेका वर्गीकरण यस्ता छन् :

भारतीय विद्वान् कुन्दनलाल उप्रेतीले आफ्नो पुस्तक **लोकसाहित्य के प्रतिमान** (दोस्रो संस्करण १९८०:१५७) मा विभिन्न पाँच प्रकारका लोकनाटकको चर्चा गरेका छन् ।

१. धार्मिक, ऐतिहासिक तथा किंवदन्तीमा आधारित

२. नृत्यप्रधान

३. सङ्गीतप्रधान

४. हास्यप्रधान

५. नाट्यवार्ता प्रधान

त्यस्तै शोधार्थी गोविन्दशरण उपाध्यायले '**नेपाली लोकनाटक बालनको अध्ययन**(२०५५:२५) नामक शोधग्रन्थमा लोकनाटकलाई विषयवस्तु र शैली गरी दुई आधारमा वर्गीकरण गरेका छन् । विषयवस्तुका आधारमा पौराणिक, ऐतिहासिक र सामाजिक त्यस्तै शैलीका आधारमा मारुनी, लीला, भरत, समूहलास्य गरी चार प्रकारमा छुट्टयाएका छन् ।

चूडामणि बन्धुले, **लोकसाहित्य**, (२०६६:२६५) मा लोकनाटकलाई विषयका आधारमा पौराणिक र लौकिक, प्रयोजनका आधारमा अनुष्ठानमूलक र मनोरञ्जनमूलक, अभिनेता वा प्रस्तुतकर्ताका आधारमा सजीव र निर्जीव त्यस्तै प्रस्तुतीकरणको शैलीका आधारमा एकालाप र वार्तालाप गरी चार प्रकारले वर्गीकरण गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले लोकनाटकको वर्गीकरणका आधार एवम् प्रकारका बारेमा विस्तृत सर्वेक्षण गरेका छन् । लोकनाटकलाई आकार, प्रस्तुति, भाव, सहभागिता, प्रभाव र विषयवस्तु गरी विभिन्न छ प्रकार र तिनका पनि विभिन्न उपभेदहरू गरी वर्गीकरण गरेका छन् (शर्मा र लुइँटेल, २०६३:४४२) ।

१. **आकारका आधारमा**

   लघु र वृहत्

२. **प्रस्तुतिका आधारमा**

   प्रहसनप्रधान र नृत्यनाट्यप्रधान , नृत्यप्रधान , सङ्गीतप्रदान , अभिनयप्रधान ।

३. **भावका आधारमा**

   प्रेमभावप्रदान, भक्तिभावप्रधान, वीरभावप्रधान, हास्यभावप्रधान ।

४. **सहभागीका आधारमा**

   सजीव पात्रप्रधान र निर्जीव पात्रप्रधान ।

५. **प्रभावका आधारमा**

   त्रासद र कामद ।

६. **विषयवस्तुका आधारमा**

   पौराणिक, ऐतिहासिक, सामाजिक, किंवदन्तिमूलक र अतिप्राकृतिक ।

माथि उल्लेख गरिएअनुसार विभिन्न विद्वान्हरूले गरेको लोकनाटकको वर्गीकरणलाई आधार मान्दै लोकनाटकको वर्गीकरण यस प्रकार पनि गर्न सकिन्छ :-

१. **आकारको आधारमा**

लघुतम,मझौला,वृहत् र वृहत्तम्

२. **प्रस्तुतिका आधारमा**

प्रहसन प्रधान

नृत्यनाट्यप्रधान- नृत्य, सङ्गीत, अभिनयप्रधान

३. **विषयवस्तुका आधार**

पौराणिक, ऐतिहासिक र सामाजिक

४. **शैलीका आधारमा**

मारुनी, लीला, भारत र समूहलास्य

५. **भावका आधारमा**

प्रेमभाव, वीरभाव, भक्तिभाव र हास्यभावयुक्त

### ३.५.१ आकारका आधारमा

**क.बृहत्**

विषयवस्तुलाई विस्तारपूर्वक प्रस्तुत गरिएका एवम् आकारप्रकारमा लामा नाटकलाई बृहत् लोकनाटक भनिन्छ । यिनमा घटना पात्रको बाहुल्यता रहेको हुन्छ । सोरठी, घाटु, बालन आदि यस अन्तर्गत पर्दछन् ।

### ३.५.२ प्रस्तुतिका आधारमा

यस आधारमा लोकनाटकहरू प्रहसनप्रधान र नृत्यनाट्यप्रधान गरी दुई प्रकारका हुन्छन् ।

**क. प्रहसनप्रधान** : हास्यव्यङ्ग्यात्मकतालाई अँगालेर मनोविनोदात्मक ढङ्गमा प्रस्तुत गरिने नाटकहरूलाई प्रहसनप्रधान लोकनाटक अन्तर्गत राख्न सकिन्छ । प्रहसनको आंशिक प्रयोग विदूषक आदिको माध्यमबाट भएको पाइन्छ । नेपालीमा स्वाङ्ग प्रहसन आदि यस्तै प्रकारका लोकनाटक हुन् ।

**ख. नृत्यनाट्यप्रधान** :नृत्य सङ्गीत वा अभिनयमध्ये कुनै एक तत्त्व प्रधान भई अन्य दुई तत्त्व गौण रूपमा आई प्रस्तुत गरिने नाटकलाई नृत्यनाट्यप्रधान लोकनाटक भनिन्छ ।

**अ. नृत्यप्रधान :** मुख्यतः नुत्य वा नाचका माध्यमबाट प्रस्तुत गरिने नाटक नृत्यप्रधान नाटक हुन् । जसमा कुनै एक समूहबाट गायन र वर्णन गरिन्छ भने नृत्यका सहभागी समूहबाट नाच्दै सम्बद्ध भावका अभिव्यक्ति गरिन्छ । जस्तै सोरठी, मारुनी, घाटू ।

**आ. सङ्गीतप्रधान** :जुन नाटकलाई मुख्यतः सङ्गीतको तालमा प्रस्तुत गरिन्छ , त्यस्ता नाटकलाई सङ्गीतप्रधान नाटक भनिन्छ । यस्ता नाटकमा संवाद एवम. सम्पूर्ण नाटक सङ्गीतका सुरतालमा आबद्ध हुने भएकाले यस्ता लोकनाटकलाई गाएर प्रस्तुत गरिन्छ । कठघोरी नाच, जोगी नृत्य, हनुमान नाच आदि सङ्गीत प्रधान लोकनाटक हुन् ।

**इ. अभिनयप्रधान :** विशेषतः पात्रको अभिनयका माध्यमबाट नाटकको भावाभिव्यक्ति हुने लोकनाटकहरू अभिनयप्रधान अन्तर्गत पर्दछन्  अथवा विभिन्न देवदेवीको चरित्रानुकरण गरी अभिनय गरिएका आदिम लोकविश्वासमा आधारित लोकनाटकहरूलाई यस अनतर्गत राखिएको पाइन्छ । जसमा नृत्य सङ्गीतको प्रयोग पनि हुनसक्छ । जस्तैः चरित्रनाच, रामलीला, कृष्णलीला, कीर्तनीयानाच, विदापनाच आदि ।

### ३.५.३ विषयवस्तुका आधारमा

यस आधारमा लोकनाटकलाई पौराणिक, ऐतिहासिक सामाजिक गरी मुख्यतः तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

**क. पौराणिक**

विशेषतः पुराण, रामायण एवम् महाभारतका कथामा आधारित विषयवस्तु र चरित्रहरूलाई लिएर नाटकीय स्वरूप प्रदान गरिएका लोकनाटकहरू यसअन्तर्गत राख्न सकिन्छ । जस्तैः रामलीला, कृष्ण लीला, वालन आदि ।

**ख. ऐतिहासिक**

इतिहासका प्रसिद्ध र महत्त्वपूर्ण घटना तथा चरित्रलाई प्रस्तुत गरिने अथवा इतिहासबाट विषयवस्तु लिई सिर्जिएका नाटकलाई ऐतिहासिक लोकनाटक भनिन्छ । जस्तै चरित्र, पाङ्दुरे नृत्य, गोपीनाच आदि ।

**ग. सामाजिक (लौकिक)**

समाजले भोगेका र अनुभव गरेका जुनसुकै विषयवस्तुमा आधारित नाटकलाई सामाजिक (लौकिक) लोकनाटक भनिन्छ । यस्ता नाटकमा समाजका प्रतिनिधिमूलक पात्र र यथार्थ

घटनाको जीवन्त प्रस्तुति हुन्छ तापनि समय बित्दै जाँदा यस्ता नाटकले पौराणिक लोकनाटककै रूप ग्रहण गर्न पुग्छन् । जस्तै : सोरठी, घाटु, आदि ।

### ३.५.४ शैलीका आधारमा

शैलीका आधारमा लोकनाटकलाई मुख्यतः चार प्रकारले (मारुनी, लीला, भारत र समूहलास्य शैली) गरी वर्गीकरण गरिएको पाइन्छ ।

**क. मारुनी शैली**

विशेषगरी पुरुषपात्रलाई स्त्रीकै जस्तै भेषभूषा पहिरनबाट सिँगारेर मारुनी बनाई नृत्य गराइने शैलीका लोकनाटकहरूलाई मारुनी शैलीका लोकनाटक अन्तर्गत राखिन्छ । जस्तैः सोरठी, बोटेनाच, नचरी आदि ।

**ख. लीला शैली**

विशेषतः पुराण, रामायण एवम् महाभारतका कथामा वर्णित देवी, देवता र तिनीहरूले गरेका क्रियाकलाप वा लीलालाई आधार बनाई नृत्य गरिने लोकनाटकहरू यस अन्तर्गत राख्न सकिन्छ । जस्तै : बालन (रामलीला, कृष्णलीला)

**ग. भारत शैली**

विशेषगरी नेपालको मध्यपश्चिम तथा सुदूर पश्चिमाञ्चलका पहाडी जिल्लाहरूमा हुड्को (पित्तलबाट बनेको डमरुजस्तै एक प्रकारको बाजा) बजाउँदै साथमा विभिन्न भारत गीतहरू गाएर बाजाका ताल र गीतको लयमा अभिनय गर्ने एकालापमूलक नृत्यलाई भारत शैलीका लोकनाटकअन्तर्गत राखिन्छ । स्थानीय अर्थमा भारतको अर्थ कर्खा भएकाले भारत शैलीका लोकनाटकहरूमा पुराना राजाहरूको वंशावली वा वीरचरित्रमा आधारित गाथा गाउने प्रचलन रहेको छ (पराजुली, २०६३:४७) यस शैली अन्तरगत हुड्केली भारत हुड्केली नाच) जङ्गबहादुरको कर्खा, नवलसिंहको कर्खा आदि पाउन सकिन्छ ।

**घ. समूहलास्य शैली**

लास्य भन्नाले प्रेमभाव वा विकृति, विसङ्गतिहरूलाई हस्याउँलो हाउभावद्वारा व्यक्त गरिने आङ्गिक नर्तक वा भावनृत्य भन्ने बुझिन्छ । यस अर्थमा समूहलास्य शैलीका लोकनाटकहरू यस्ता हुन्छन् जसमा कुनै एक पात्र मात्र नभई समूह नै हसाउन वा व्यङ्ग्य गर्न उपस्थित हुन्छ , जस्तैः खसकट्टी नृत्य, रत्यौली जस्ता लोकनाटकहरू यसअन्तर्गत पर्दछन् ।

### ३.५.५ भावका आधारमा

यस आधारमा लोकनाटकहरू मुख्यतया प्रेम, भक्ति, वीर र हास्यभावका हुन्छन् ।

**क. प्रेमभाव प्रधान**

प्रेम, प्रणय, शृङ्गार आदिको प्रधानाता हुने लोकनाटकलाई प्रेमभावप्रधान नाटकअन्तर्गत राखिन्छ । जस्तै : सोरठी, कृष्णलीला, आदि ।

**ख. भक्तिभाव प्रधान**

ईश्वरभक्ति, देवदेवीको स्तुति, अनुनय, विनय, प्रार्थना आदिको प्रधानता रहने नाटकलाई भक्तिभाव प्रधान लोकनाटक भनिन्छ । जस्तै वालन, रामलीला आदि ।

**ग. वीरभाव प्रधान**

पराक्रम, वीर र वीरता, युद्ध, साहसिक कार्यको प्रधानता रहने नाटकलाई वीरभावप्रधान लोकनाटक भनिन्छ । जस्तैः गोपीचन, हनुमान नाच, घाटु आदि ।

**घ. हास्यभाव प्रधान**

हाँसो, ख्यालठट्टा, मनोविनोदजस्ता मनोरञ्जनात्मक विषयको प्रधानता रहने नाटकलाई हास्यभाव प्रधान लोकनाटक भनिन्छ ।

# अध्याय - चार

# ४.बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठीको विश्लेषण

## ४.१ सोरठीको परिचय

नेपालको मध्यपहाडी (मनाङ, कास्की, लमजुङ, तनहुँ, स्याङ्जा र गोरखा) भागमा प्रचलनमा रहेका विभिन्न लोकनाटकहरूमध्ये सबैभन्दा लोकप्रिय लोकनाटकको रूपमा सोरठीलाई लिइन्छ । तिहारको लक्ष्मी पूजादेखि ठूली एकादशीसम्म विभिन्न पौराणिक तथा ऐतिहासिक आख्यानहरूमा विविध लय, ताल, शृङ्गारमा मारुनी नृत्यसहित गाइने एक प्रकारको लोकलयलाई सोरठी गीत भनिन्छ । नेपालको विभिन्न स्थानमा प्रचलित सोरठी मध्य बुङ्कोटको सोरठी पनि एक हो । यो गीत सोह्र प्रकारले नाच्ने र गाइने भएकोले सोरठी भनिएको हो । गीतको आख्यान र लयको आधारमा यहाँ प्रचलित सोरठी गीतहरूलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ । आर्य मूलका दलित जातिहरुले ठाडो भाकामा रामायण, कृष्ण चरित्र आदिको पौराणिक ग्रन्थहरूको कथामा आधारित सोरठी गाउँदछन् भने मङ्गोलियन मूलका जनजातिहरूले लस्के भाकामा सोरठी रानीको कथामा आधारित सोरठी गाउँछन् ठाडो सोरठीलाई कतै चरित्र नाच पनि भन्ने गरिन्छ । यसमा रामायण कृष्ण चरित्र आदि पौराणिक ग्रन्थहरू आधारित भए पनि लेख्य ग्रन्थहरूसँग भने हुबहु मिल्दोजुल्दो हुँदैन । यी दुवै प्रकारका सोरठी नाच मारुनीको पहिरन र गाउने तरिकाका बारेमा समानता देखिए तापनि गीतको कथानक, गीतको लय, भाका र बाद्यको ताल नृत्यको चालमा केही फरक हुन्छ । ठाडो सोरठी छोटो तालमा मादल चट्काएर नाच्ने र गाउने गरिन्छ भने लस्के सोरठी लामो तालमा मादल बजाएर नाच्ने गाउने गरिन्छ । विशेषतः जयसिंह (जैसिङ्गे) राजा, हेमवती (हेमैती, मैमती) रानी र राजकुमारी सोरठीको जन्म, विवाह, विछोडसँग सम्बन्धित कारुणिक प्रेमाख्यानमा यसको कथावस्तु बुनिएको पाइन्छ । सोरठीलाई विभिन्न स्थानहरूमा जस्तो भारतका विभिन्न ठाउँमा सोरठी पावरा नामबाट विभिन्न गाथाहरू गाउने प्रचलन पाइन्छ । कतै गुजरातका राजा खेखड मल्ल विरक्तिएर जोगी बनि वनबास लाग्दा उनका सोह्रवटी रानीहरूले विलाप गरी रोएका गीतलाई सोरठी भनिएको पाइन्छ भने कतै उत्तरी पहाडका संस्कृत विद्वान् एवम धर्मात्मा राजा जयदेव (आठौं शताब्दीतिरका) लाई जयसिंह भनिएको र उनैको जीवनीमा आधारित कथालाई सोरठी भनिएको पाइन्छ । नेपाली लोक साहित्यको विवेचनामा राजा जयसिंहका सोह्रवटी रानीको अपभ्रंशबाट सोह्रवटी वा सोरठी हुन गएको भनिएको छ । त्यस्तै भोजपुरी भाषामा पाइने सोरठीलाई पनि भोजपुरी लोकगाथाअन्तर्गत राखिएको पाइन्छ । वास्तवमा सोरठीमा लोकगाथाका प्रमुख तत्त्वहरू विद्यमान हुँदाहुँदै पनि यसमा कथानकयुक्त गीतसहितको

नृत्याभिनय गरिने हुनाले र अन्य विभिन्न विधिविधान एवम् तत्त्वहरू पनि लोकनाटकसँग मेल खाने भएकाले सोरठीलाई लोकनाटकअन्तर्गत राखेर विश्लेषण गरिएको हो । सोरठीलाई बागलुङ जिल्लाको गलकोटको दक्षिणपूर्वी भागमा नचरी भन्दछन् भने पाल्पा जिल्लाको पश्चिमी भागमा नाचन्या र पाल्पाकै केही क्षेत्रमा करङनाच पनि भन्दछन् । त्यस्तै तनहुँ जिल्लातिर सोरठीलाई पाङ्दुरेनाच र मारुनीनाच पनि भन्ने गरिन्छ भने कतै कतै आनुष्ठानिक नाचको नामले पनि पुकारिन्छ (पराजुली,२०६३:१२) । नचरी भनेको नृत्योत्सव हो र नाचन्या पनि नचरीजस्तै हो । त्यस्तै पाङदुर भनेको कोदो हो र कोदो पाक्ने समय (आश्विन -कार्तिक) मा देखाउने भएकाले पाङ्दुरे नाच भनिएको हो । त्यस्तै मारुनी शैलीमा नाचिने भएकाले मारुनी नाच भनिएको हो । यस नाचको प्रारम्भमा आनुष्ठानिक विधि पूरा गरिने हुनाले यसलाई आनुष्ठानिक नाच पनि भनिएको पाइन्छ । विशेषगरी नेपालका मगर, गुरुङ्ग, कुमाले, दरैं आदि जातिमा प्रचलित सोरठी दशैको कालरात्रीमा प्रारम्भ गरी हिउँद भर नचाइने र प्रायः (विशेष परिस्थितिमा बाहेक) श्रीपञ्चमीका दिन साङ्गे गरिन्छ । सोरठी साङ्गे गरिसकेपछि त्यो वर्षभरि सोरठी नाच नाच्न नहुने र अन्य गायन, वादन पनि गर्न नहुने जनप्रचलन रहेको छ । विभिन्न ताल र लयमा विभिन्न नृत्यमुद्राहरू प्रयोग हुने यस नाटकमा नेपालको ग्रामीण क्षेत्रमा प्रचलित परम्परागत भेषभूषाको प्रयोग गरिन्छ । बुङ्कोटको नाचलाई सोरठी भनिन्छ । यहाँको नाचको संस्कृति भेषभूषामा आफ्नैपन रहेको छ ।

### ४.२ बुङ्कोटमा प्रचलित सोरठीको मूल पाठ

## वाचा बन्धन

*गाउँको शिवे भूमे बाधुम्*

*गाउँकै थानीमानी बाधुम्*

*गाउँकै चण्डी देउराली बाधुम्*

*उही पछि जलकन्या देवीलाई बाधुम्*

*बालासरी बरचुली बाधुम्*

*हेमलादेवी, फुजेलको भैरवी देवता बाधुम्*

*मनाकामना, इच्छाकामना, छिम्केश्वरी बाधुम्*

बागश्वरी, अकला देवी अन्नपूर्ण बाधुम्

गोरखनाथ, कालिकामाई, अश्राङ्को चण्डी देवता बाधुम्

सल्यानवेंसीको सुन्दरी माई बाधुम्
भोटको स्याङरासी देवता, नुवाकोटको भैरवी देवता बाधुम्
नेपाल खण्डको स्वयम्भु, नेपालकै कालभैरव बाधुम्
सेताभैरव, मच्छिन्द्रनाथ, पशुपतिनाथ बाधुम्
आकाशको चर्न्दसूर्य पातालको वासुकी नाग बाधुम्
उत्तरै बाधुम् दक्षिणै बाधुम् पूर्वै बाधुम्
पश्चिमै बाधुम्, बाधुम् चारे दिशा बाधुम् ।

**सरस्वती प्रार्थना**

*शिरै सिन्दुर शिरैमा सुहायो हो*
*सरस्वती सरनमुना सखी हो*
*सरस्वती सरनमुना*
*लिलै टिकिया लिलैमा सुहायो हो*
*सरस्वती सरनमुना*
*सखी हो सरस्वती सरनमुना*
*कानै सुनीया कानैमा सुहायो हो*
*सरस्वतीसरनमुना*
*आँखी गाजलु आँखैमा सुहायो*
*सरस्वती नमुना*
*गलै कण्ठिया गलैमा सुहायो हो*
*सरस्वती सरै नमुना*
*कम्मर पटुकी कम्मरमै सुहायो हो*
*सरस्वती सरै नमुना*
*हातै चुरिया हातैमा सुहायो हो*
*सरस्वती सरै नमुना*
*गुदै गुनिया गुदैमा सुहायो हो*
*सरस्वती  सरै नमुना*
*पावै पैजरी पावैमा सुहायो हो*

**मूल पाठ**

*एकु देशको राजा एकु देशको रानी*

*माया र पिरती भयो रानी गरिभै रह्यो*

*एकै र मास दुवै र महिना*

*दुवै र मास तीनै र महिना*

*तीनै मास चारै र महिना*

*चारै र मास पाँचै र महिना*

*पाँचै र मास छुअइ र महिना*

*जानाजानी भयो रानी*

*छवै र महिना सातै र मास*

*वामै कोखी चलनु लाग्यो*

*सातै र मर्हिना आठै र मास*

*दाहिने कोख चलन लाग्यो*

*नवै र मास दसै र महिना*

*रानीलाई लागैमा पिरकष्ट*

*गावैकेरे कटुवालेलाई बोलायो*

*याहीमा आइपुग्यो कटुवाले*

*राजैको दरबार*

*राजैज्यूलाई बोलायो*

*नमस्कार महाराज*

*एकु बिनती हामरो*

*केही कामले बोलायो राजैज्यू*

*सुनमा सुन कटुवाल*

*सुँढयानी माईलाई बोलाई ल्याओ*

*गइमा पुग्यो कटुवालले*

*सुँढयानी माईको याँगन उभियो*

*सुँडढयानी माईलाई बोलायो*

नमस्कार सुढचानी माई
केही काम केही हुकुमले
आइपुग्यो कटुवालले
सुनमा सुन सुँढचानी माई
एक महाराजको हुकुम
सुडेल्नी: के हो र काम, के हो र हुकुम, कहुने कामले बोलाया हो हा
न ए मेरो हराम हो, न ए मेरो विराम हो, कहुने कामले बोलाया हो
कटुवाले: हा काट्ने हैन मारने हैन मारने हैन, कामहीले बोलायो हो
राजै दरबार बेटिया जनम, सोही कामले बोलाया हो
सुडेल्नी: हा जाँदा हुन त जाँदा हुन
शिरै लाउने शिरफूल जाँदा हुन्
जानमा त जाने हो कटुवालले
शिरैमा लाउने मुजेत्रो माले
कटुवाले: शिरैमा लाउने मुजेत्रो
उही राजैज्युले दिनेछन्
सुडेल्नी: जानमा त जाने हो कटुवालले
कुमै लाउनै चोलो माले
कटुवाले: कुमे लाउने चोलिया
उही राजेज्यूले दिनेछन्
सुडेल्नी: जानमा जाने कटुवालल
आँगैमा लाउने वरकी माले
कटुवाले: आँगैमा लाउने वरकी
उही राजैज्यूले दिनेछन्
सुडेल्नी: जानमा त जाने कटुवाले
पिठ्युँ लाउने.सारिया माले
गुदै लाउने सारिया
उहीं राजैज्यूले दिनेछन्
याघिमा याघि सुँढचानी माई

पछिमा पछि कटुवाले

कटुवालेः जडबुटी ओखती चन्द्रसूर्यले दिनेछन्

सोही ओखती खाइ सइसित्तल हुनेछ

सोहीमा सोही ओखती खाइ जनिम भयो

दिवैमा बत्ती बालीमा बाली

बेटा पो हो कि बेटी पो हो कि

हेरि देउ न सुढयानी

बेटा माले बेटिया जनम भयो

सिलाङे काठमा बेरी धागोले बाँधी

रुपकेरे छुरिया धागियाले बाँध्ने

नली बेढाओ

सुनको झरिया

गङ्गा जलको पानी भरीमा ल्याओ

बालकलाई नुवाओ

अन्नपुरे तोरिया मलमपुरे कोलिया

पेलीमा ल्या सुढयानी माई

बालखलाई मरिदान

घिवै लाउने घिवै खाने

घिवै तेलको मरिदान

गाँवकेरे कटुवालेलाई बोलाया

जावमा जाओ कटुवाले

विजय जैसीलाई बोलाई ल्याओ

गइमा पुग्यो कटुवाले

जैसीको आँगन ठडियो

जैसीजीलाई बोलायो

कटुवालेःनमस्कारजैसीज्यू

जयमा जय विश्वासै

ज्योतिषः केही काम कही हुकुमले अइपुग्यो कटुवाले

*कटुवालः   सुनमा सुन जैसीज्यू एकु महाराजको हुकुम*

*ज्योतिषः   हिंडमा हिंड जैसीज्यू राजैजीले बोलायो*

*ज्योतिषः जाँदामा त जाँदा हौं कटुवाले*

*शिरैमा पगरी माले*

*कटुवालः राजैजिउले दिनेछन्*

*ज्योतिषः जाँदामा त जाँदा हौं कटुवाले*

*याँगै लाउने कमिज माले*

*ज्योतिषः जाँदामा त हौं टेक्ने लौरी माले.*

*कटुवालेः टेक्क्ने लौरी राजैजीले दिनेछन्*

*ज्योतिषः जाँदामा त जाँदा हौं कटुवाले*

*पावमा लाउने पावपोस माले*

*राजाः हातैमा  लेऊ यक्षता  जैसी*

*उपर लेऊ जैसीजी पोस्तक*

*पावैमा लेऊ जैसीजी ढलवट*

*ढलवटे कोरीमा कोरी हेरिदेऊ जैसीज्यू*

*यक्षता गनीमा गनी बाला कसतो दिन हेरिदेऊ*

*पोस्तक पढीमा पढी हेरिदेऊ*

*बालै सुदिन हेरिदेऊ जैसीज्यू*

*जस्तोमा देख्छौ उस्तैमा भनीदेऊ जैसीज्यू*

*गाह्रो केलाई मान्छौ जैसीज्यू*

*एकै धरिका लगाइला ढलवटी*

*आफै पण्डित रोओइला*

*तीनै धरिका लावैला ढलवट*

*आफै पण्डित हाँसोइला*

*पैलामा खावैला दाना र पानी*

*खावैला आमा बाबु*

*खावैला दाना र पानी*

*खावैला दाजु र भाइ*

खावैला दाना र पानी

खावैला दिदी र बहिनी

सातै मूलको पानी जमरी

मूलै शान्ति पो गराऊ

आमा माले खावैला बाबु माले खावैला

खावैला दाना र पानी

दाजी माले खावैला भाइ माले खावैला

खावैला दाना र पानी

दिदी माले खावैला बहिनी  माले खावैला

खावैला दाना र पानी

गाँवे केरे कटुवालेलाई बोलायो

याई पुग्यो कटुवाले

राजैजीको आँगन ठडियो

राजैजीलाई बोलायो, नमस्कार महाराजा

जय जय कटुवाले, विश्वासै कटुवाले

केही कामले बोलायौ महाराजा

सुनमा सुन कटुवाले एकु महाराजाको हुकुम

जाओमा जाओ कटुवाले

बेटिया सुन्हारेलाई बोलाई आओ

गईमा पुग्यो कटुवाले

बेटिया सुन्हारेको याँगनै ठडियो

बेटिया सुन्हारेलाई बोलायो

नमस्कार सुन्हारे

जयमा जय कटुवाले

केही कामले आइपुग्यो कटुवाले

राजै दरिबार बोलायौ  बेटिया सुन्हारे

कटुवालः हिंडमा हिंड बेटिया सुनहारे राजै दरिबार

हातैमा लेऊ लौरी, काँधै लेऊ जाविया

*याघि याघि सुन्हार पछि पछि कटुवाले*

*कटुवाले: याईमा पुग्यो राजैज्यू बेटिया सुन्हारे*

*याँगन ठडियो*

*सतरङ्गी गुँदरी झिकीमा झिकी बिच्छ्यायो*

*बस सुन्हहारे*

*सुनै गेडिया गालीमा गाली मधुस बनायो*

*रुपैकेरे गेडुवा आफै तौली लेऊ सुन्हारे*

*सुनेकेरे झपनी बनाओ*

*देखमा देख राजैज्यू सुनैको मधुस*

*देखमा देख राजैज्यू सपैको झपनी*

*सुनको बाकस उघारी*

*भित्रको बालक बाहिर निकाली*

*सुनै मधुस खेलायो*

*भित्रको बालक झिकीमा झिकी*

*सुनै मधुसमा सुतायो*

*बनिया ताला उलीकाचापी लगाइ बन्द गऱ्यो*

*सुनै मधुसलाई सपै झपनी लगाइ ढाकैला*

*याओमा याओ लोकै पञ्च*

*सुनै मधुस बगाउन*

*कोही भाइ अघिमा अघि*

*कोहि भाइ पछिमा पछि*

*सुनैको वाकस काँधैमा बोकी*

*हिडमा हिड लोकैमा पञ्च*

*नदीको छेवैमा छेवै*

*आइमा पुग्यो राजैज्यू नदीको छेवै*

*वारी भङ्गालो पारि भङ्गालो*

*माझै बूढी गण्डकी जमुना*

*जमुनाको तीरैमा तीरै*

*सुन मधुस बगाया*

*फरकी आयो राजै*

*अभागिनी रहेछौ रानी*

*बाबुको जात निरमाया*

*आमाको जात दयालु*

*आमाजी रोयोइला ६ महिना वर्षदिन*

*बाबुजी रोइला छिनघरी*

*काखैको बालखु खोसीमा खोसी नदीमा बगाइ*

*बाबुको जात निर्माया आमाको जात मायालु*

*बाहिर हेर्दा रमाइलो भित्र हेर्दा अँध्यारो*

*कैसेमा गरी बिरसउँला बालो मेरी सुन्दरी बेटिया*

*आँसुमा मेरो बहिमा बहि हियार भिजायो*

*दूधमा मेरो बहीमा बही चोलिया भिजायो*

*कैसेमा गरी बिरसुँला बाला मेरी बेटिया*

*हियारको बालै दूधै पियैला*

*हामरी बाला समुद्र*

*यारु को बाला छलै र मलै*

*हामरा बाला समुद्र*

*यारुको बाला याघि पछि*

*हामरा बाला समुद्र*

*कसोमा गरी बिरसुँला बालै मेरी बेटिया*

*बिर्सनुभन्दा कति नै गरियो विर्सन सकिन*

*बालै मेरी बेटिया ॥*

*एकु देशको कुमाले, एकदेशको मल्हारे*

*दुदु र भाइ मिली र जुली*

*मछिया मारन जाऊँ*

*हातैमा लेऊ मरे जलिया*

*कम्मरै लेऊ भरे केलिया*

*जान त जाऊँ मल्हारे दाजै*

*बाचै बाँधी जाऊँ*

*एकाली बाचा द्वावाली बाचा*

*बाचै बाँधौं तीनतेली*

*जान त जाऊँ मल्हारे दाजु*

*कुनै दिशा जाऊँ*

*पुरवै दिशा बूढि गण्डकी*

*कुनै दिशा जाऊँ*

*उत्तरै दिशा मूलै मनासलु हिमाल*

*कुनै दिशा जाऊँ*

*पश्चिमै दिशा काली गण्डकी*

*कुन दिशा जाऊँ*

*उँभोमा हेरौ हिमैचुली*

*उँधै हेरौ सातै समुद्र*

*समुद्रको तीरैतीर*

*मछिया मारन जाम हो रे*

*एकोहोरी जाल फिंजैला भैया*

*एकु माले मछिया*

*दोसरी जाल फिंजैला मल्होरी दाज्यू*

*जालै फेरि मछिया*

*कुमाले जालै जाल फिंजैला भैया*

*एकु माले मछिया*

*मल्हारे जाल टिकुरे पाखुरो मछिया*

*कुमाले जालाकी माले मछिया*

*तिसरी जाल फिंजैला कुमाले*

*श्रीखण्ड जलै जमुनातिर*

*एकु अचम्म भैगयो*

*याओमा याओ मल्हारे दाज्यू*

*एकु अचम्म देखियो*

*जलक्क जलक्क जाल्कन्छ*

*याओमा हेर मल्हारे दाजै*

*भूत पो हो कि दैत पो हो कि*

*छल्न पो लाग्यो कि*

*भूत पो माले होला*

*दैत पो माले होला*

*सुनै मछिया पो होला*

*दुदु मा भाइ मिलीमा जुली*

*सुनै मछिया पक्डन जाम्*

*वारि नि भङ्गालो पारि भङ्गालो*

*माझै गैरी जंघार*

*छामीमा छामी वारि उतारौं कि*

*पारि उतारौ वारि बगर*

*हेरमा हेर लोकै पञ्च*

*सुनसरी मछिया*

*बाँधिदेऊ चूँडिदेऊ तिसरी भैया*

*सुनसरी मछिया*

*कुमालेले जालै उघारी हेर्दा*

*रुपैकी झपनी*

*रुपैकी झपनी उघारी हेर्दा*

*सुनको मधुस*

*ल्याऊमा ल्याऊ तालमा कंडी*

*सुनै मधुस उघार्न*

*सुनै मधुसउघारी हेर्दा*

*बालै सुन्दरी बेटिया*

*बाहिरको अलमल तुम धनी लिबैला*

*भित्रको अलमल हामु धनी लिबैला*

*हातैमा लेऊ भरे कुमाले*

*बालै सुन्दर बेटिया*

*काखैमा लेऊ भरे कुमाले*

*बालै सुन्दर बेटिया*

*पावमा लेऊ भरे कुमाले*

*बालै सुन्दर बेटिया*

*काँधैमा लेऊ भरे कुमाले*

*बालै सुन्दर बेटिया*

*कुमाल्नीः देखमा देख घरकी माई*

*बालै सुन्दर बेटिया*

*झाँकरी पो हो कि भुयाँर पो हो कि*

*छल्न पो लाग्यो कि*

*झाँकरी माले भुयाँर माले*

*बालै सुन्दर बेटिया*

*मागी पो ल्यायौ कि*

*चोरी पो ल्यायौ कि*

*कुमालेः  मागेको होइन चोरेको होइन*

*जालैमा परेको*

*हातैमा ल्याउन घरकी माई*

*सुन्दर बालै बेटिया*

*काखैमा ल्याउन घरकी माई*

*दूधै पियाओ घरकी माई*

*सुन्दर बालै बेटिया*

*कुमाल्नीः न त मेरो हियारै दूध*

*न त मेरो भैंसीको दूध*

*कैसेमा गरी पालुँला*

*सुन्दर बालै बेटिया*

*यसै बालाको धरिमले*

*आँफै हियार रसाउला*
*हिमचुली आँठे र काँठे*
*चमरी गाई कामधेनु गाई*
*यसै बालको जीवन भए*
*आफै बगी आउला दूध*
*सोहीमा दूधमा खाईमा खाई*
*समरत होला बालै बेटिया ।*
*राजा र शिकारीहरु*
*शिकारै खेल्न जाम रे*
*याओमा याओ लोगैमा पञ्च गौरिगामले*
*शिकारै खेल्न जाम्*
*हातेमा लेऊ भरे धनुकी*
*काँधैमा लेऊ भरे ठोकरी*
*शिकार खेल्न जाम्*
*पूरिवै दिशा मधुवन*
*शिकारै खेल्न जाम्*
*उत्तरै दिशा रानीवन*
*शिकारै खेल्न जाम्*
*दखिनै दिशा काली वन*
*पश्चिमै दिशा मिरिङ्जेवन*
*शिकारै खेल्न जाम्*
*पूरिवै दिशा मधुवन*
*जोरै हरिनको बथान*
*उत्तरै दिशा रानी वन*
*जोरै चराको बथान*
*पश्चिम दिशा मिरिङ्जे वन*
*कालिजको कुखुरीको बथान*
*दखिनै दिशा काली वन*

जोरै मजुरको बथान

सबैमा भाइ मिलिमा जुली

शिकार खेल्न जाम्

डाकिमा ल्याऊ हालिस पालिस कुकुर

धुले पैला खेलीखेली लगाऊ खेदुवा

याघिमा कुकुरपछिमापछि खेदुवा

जाऊ जाऊ याहेरी ठावै ठावै बथान

चारैदिशा चारै कुना घेरी लगाऊ बथान

सबन घुमायो कुकुर खेदुवाले खेदेर

याव उठो हरिन बथान जागै रहो यारी

यायो हरिनको बथान

हानैला र राजै

एक बथान लावैला हरिनलाई

मरो कि मारेन हेरि देऊ खेदुवा

लयो राजै हरिनलाई रगतैको घटिया

रगतैको घटिया हेर

दाजैका रगतै पोखरी

रगतैको पोखरी हेर्दा

हरिनको बथान मार्‍यो

राजैज्यूको बान

यायोमा याओ यारी सुनै हरिन पक्रन

कोही भाइ अघि कोही भाइ पछि

याओहरिन पक्रन

घिसार्दै ल्याऊ हरिन

राजैको पासैमा

सुनैको छुरिया झिकीमा झिकी

काम खटाऊ गराऊ

एकमा पाऊ काटिमा काटी

राजैलाई सिसार
मुटुमा कलेजो झिकीमा झिकी
पकुवा बनाऊ
त्यही पकुवा बाँडीमा बाँडी
सुरिज चढाऊ
त्यही पकुवा बाँडीमा बाँडी
भूमिलाई चढाऊ
सोहीमा पकुवा खाइमा खाई
लावैला पानी पियास
हेर भाइ
पानीको मूल कति पर होला ॥
एकु देशको मैदानुमा
कसै कसैको झुपडी
यो दिशा मैदान कसै कसैको गिरिया
कुमालेको गिरिया
देउमा देऊ घरपति
वनबासी आयायीलाई पानी पियोन
परेवाको आँखी जैसो
सोरठी रानकिो आँखिया
काकरकिो विया जैसो
सोरठी रानीको दनित
केराको थाम जस्तो सोरठीको तिघ्रा
बारुलाको कम्मर जस्तो सोरठीको कम्मर
कोइलीको स्वर जस्तो सोरठीको स्वर
भुजेलीको दापै र जस्तो सोरठी रानीको चुलठी
बेलियाको गेडो र जस्तो सोरठी रानीको माथ
ऐसी राजाजीलाई सुहायो
बेलियाको गेडी र जस्तो सोरठी रानीको माथ ॥

*पुरिव दिशाको मन्धामी राजै निमन्त्र बोलायो*

*उत्तरी दिशाको मालुङ्गे राजै निमन्त्र बोलायो*

*पञ्चै बाजा बनाऊ*

*याधिमा याधि दरशनी*

*हिंडमा हिंड लावा लस्कर*

*चापमा जनती धुरुमा धुरु*

*पोखरीको छेवै र छावै*

*हेरमा हेर लोकमा पञ्च*

*जयसिंङ्गे राजाको वरियात*

*सुवर्णको थलिया*

*दहिय अक्षता मुछीमामुछी*

*जनती पर्छायो*

*मटिया खनीमा खनी चौकी बनाओ*

*चौकी बीचै बीचमा समेना लगाऊ*

*चारैमा कुना चारैमा दिशा चारैकी लिपाऊ*

*चारैमा कुना चारैमा दिशा खवुवा लगाऊ*

*चारैमा दिशा बाँधीमा बाँधी चउँमा लगाऊ*

*श्रीखण्ड चिरीमा चिरी सोलवा बनाऊ*

*सोलय खतीमा खती अगनी जलाऊ*

*सतरङ्गे गुन्द्री पचकाले कम्बल बिच्छयचाई*

*बस जैसीज्यू*

*सुरावो धागोमा बाँधीमा बाँधी*

*हुम लगाऊ जैसीज्यू*

*याहीमा पुग्यो लगनै घडी*

*जग्गेमाबस राजैज्यू*

*याओमा याओ रानीज्यू*

*जग्गेमा बसन*

*बै चेली लाउँछ हामु चेली पनि लावैला*

*बाबा र ज्यूले डियाको सिन्दुर सबै चेली लाउँदैन*

*हामु चेली पनि लावैन*

*आमै त मेरी हेमती रानी*

*बुबाज्यू त मेरो जयसिङगे राजा*

*सोही कारणले हामुला*

*राजाः  विजय जैसीज्यू बाबु र छोरीको विवाह गरने*

*विजय पण्डित सइधुवा*

*चारै पाउ बाँधीमा बाँधी नेलै लगाइ*

*चारै र पाता मुढीमा मुढी जातै फालेऊ*

*दूधै भनी भनी जाँडै खुलायौ*

*विजय जैसीलाई धपायो ॥*

*जातै तिम्रो गयो*

*सातै समुद्रपारी*

**सोरठीको कपडा, गहना खोली नाच अन्त्य गर्ने सखी**

उल्लेखित सम्पूर्ण रीति विधिहरू सकिएपछि निम्नलिखित गीत गाउँदै सोरठीको कपडा गहना खोलिन्छ । ढँटुवारे, मादले, दियो कलश, वाद्यवादन सामग्री सबै सरस्वतीलाई बुझाउँदै मादले मारुनीलाई इन्द्रलोक जाऊँ भन्दै सोरठी नाच समापन गरिन्छ ।

*सिरै खेरी सिन्दुर त सरस्वती माताले पुछिदेऊ न ।*

*गलै खोली पोतिया त सरस्वती माताले फुकाइदेऊ न*

*आङै खोली चोलिया त सरस्वती माताले फुकाइदेऊ न*

*पिठ्यु खोली सारिया त सरस्वती माताले फुकाइदेऊ न*

*हातै खोली चुरिया त सरस्वती माताले फुकाइदेऊ न*

*खुट्टा खोली चुरिया त सरस्वती माताले फुकाइदेऊ न*

*कम्मर खोली पछ्यौरी त सरस्वती माताले फुकाइदेऊ न*

*अम्लै खोली छापे औठी त सरस्वती माताले फुकाइदेऊ न*

*ढँटुवारेको मखुण्डो त सरस्वती माताले फुकाइदेऊ न*

*इन्द्रलोकको ढँटुवारे त इन्द्रको लोकमा जाउः*

*मदलेको मादलु त इन्द्रलाई बुझाइदेऊ*

*इन्द्रको झ्याली मुजुरा उसैलाई बुझाइदेऊ*

*सखीको फूलको माला सरस्वतीलाई बुझाइदेऊ*

*सरस्वतीको दियो र कलश उसैलाई जिम्मा देऊ*

*यो हाँसने खेलनेले सरस्वती बुझाइदेऊ*

*मादले र मारुनी त इन्द्रलोक जाऊ*

*हो समय सालमा नाचनु पर्दा फर्केर आऊ*

**स्रोतः सोरठी टोली बुङ्कोट -४ काउले भञ्ज्यार**

## ४.३ बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठीको विश्लेषण

लोकनाटक सोरठीलाई निम्नलिखित आधारमा विश्लेषण गर्न सकिन्छ ।

लोकनाटक सोरठीलाई लोकनाटकीय तत्त्व, रस, अलङ्कार र धार्मिक विषयवस्तु, लोकविश्वास, प्रेम, वहुबिवाह सम्बन्धी संस्कार, दण्डसजाय गर्ने परिपाटी, मानवीय सेवाको चित्रण, प्रकृतिको चित्रण, वाद्यवादनको चित्रण, औषधीको चित्रण, नैतिक दृष्टिकोणबाट सोरठीको विश्लेषण गरिएको छ :-

### ४.३.१ तत्त्वहरूका आधारमा बुङ्कोटमा प्रचलित सोरठीको विश्लेषण

#### ४.३.१.१ कथावस्तु

बुङ्कोटको सोरठीको कथावस्तुमा परापूर्व कालमा नेपालको पहाडी भेगमा पर्ने गोरखामा जयसिंङ्गे (जैसिंङ्गे) नाम गरेका जनजातिका राजाले राज्य गर्दथे । आफ्नी प्यारी अर्धाङ्गिनी हेमती (हेमवती) रानीसँग उनी आफ्ना प्रजाका साथ रमाई रमाई राज्य सञ्चालन गरेका थिए । राजा शुरवीर, पराक्रमी, धर्मात्मा साथै प्रजावत्सल थिए भने उनकी रानी सुशील, प्रतिव्रता थिइन् । यसैकारण राज्यमा राजाको ज्यादै गुणगान गाइन्थ्यो । राजारानीको जीवन अत्यन्तै सुखद थियो । यद्यपि उनीहरू लामो समयसम्म पनि निःसन्तान रहनुपर्दा उत्तिकै दुःख पनि थियो । दिन बित्दै जाँदा रानी हेमवती (हैमती) गर्भवती हुन्छिन र उक्त राज्यमा खुशियाली छाउँछ । दश महिना पुग्दा सुत्केरी व्यथा लागेपछि राजाले कटुवाल मार्फत सुडेल्नी (यशोदा) लाई डाकेर ल्याउन लगाउँछन् । रानीका कोखबाट अत्यन्तै सुन्दर बालिकाको जन्म हुन्छ । अत्यन्तै रूपवती बालिकाको जन्म

भएपछि सुडेल्नीले साल नाल काटी गङ्गाजलले नुहाइ धुवाई गर्नुका साथै घीउ तेल घसेर नवजात शिशुको आवश्यक स्याहार सुसार गर्छे ।

राजालाई आफ्नी रूपवती बालिकाको गुण एवम् भाग्य कस्तो छ भन्ने खुल्दुली लाग्छ र उक्त शिशुको भाग्य हेराउन कटुवाल मार्फत पण्डित झिकाइन्छ । पण्डित थालीभरि अक्षता लिई पुस्तक पल्टाउँदै धुलौटो कोर्दै शिशुको ग्रहदशा हेर्न थाल्छ । एउटा जनजाति राजाको परिवारमा सम्पूर्ण रूप, गुण एवम् भाग्यले भरिपूर्ण बालिकाको कर्मरेखा देखेर  पण्डितमा भित्रभित्रै डाह पैदा भई उसले जाल रच्न थाल्छ र मूर्छा परेको बहाना पार्छ । यसरी पण्डित अकस्मात मूर्छा परेपछि राजालाई शङ्का लाग्छ र मनमा केही नराखीकन जस्तो देखिन्छ त्यस्तै भन्न लगाउँछ । यसपछि पण्डितले बच्चा आफै मूल परेको बताइदिन्छ । यस कुराबाट पनि राजालाई विश्वास नलागेर अझै राम्रोसँग खुट्याउन भनेपछि पण्डितले यो राज्यै मूल परेको छ भनिदिन्छ । यो सुनेपछि राजालाई ठूलो धर्मसङ्कट आइपर्छ । उनी के गर्ने के नगर्ने अवस्थामा पुग्छन् । त्यसो भए अब के उपाय छ भनी सोद्धा बच्चालाई ठ्याक्कै मार्न नमिल्ने बरु यसलाई सुनको सन्दुसमा राखी नदीमा बगाइदिने सल्लाहअनुसार सुनार बोलाएर सुनको सन्दुस बनाई बालिकालाई राखेर नदीमा लगी बगाइन्छ । परिवारमा ज्यादै नराम्रो रुवावासी चल्छ ।

संयोगवश त्यही नदीमा कुमाले र माझीले माछा मार्न जाल हान्दै गएका हुन्छन् । माझीले हानेको तेस्रो छप्कीमा जाल तान्न नसकेपछि उसले कुमालेलाई त्यही जाल डोऱ्याउन लगाउँछ । उनीहरू जालमा सुनको माछा पऱ्यो भनी खुशी हुन्छन् तर माछो नभएर सुनको बाकस (सन्दुस) देखेपछि छक्क पर्छन् । उनीहरू बाँड्न नसकेपछि पञ्च भलाद्मीलाई बोलाएर बाँड्दा बाहिरको सुनको सन्दुस माझीलाई र भित्रको माल कुमालेको भागमा पर्छ । खोली हेर्दा भित्र रूपले धपक्क बलेकी बच्ची देख्छन् । पहिलेको शर्तअनुसार भित्रकी बालिकालाई कुमालेले घरमा लिएर जान्छ । कुमाल्नीलाई स्याहार गर्न लगाउँछ तर उनको छातीबाट दुध नआउने भएकाले कुमाल्नी चिन्तित हुन्छिन् । बालिका बत्तिसै रूपगुणयुक्त भएकीले केही समयपछि कुमाल्नीको हियारबाट दुध रसाउँछ । यसरी कुमाल्नीको दूध खाएर बालिका हुर्किन थाल्छे । नदीको किनारमा रहेको कुमालेको घर वारिपारि दोहोरै दरबार आफै निर्माण हुन्छ र कुमालेको परिवारसहित राजकुमारी सोरठी पनि त्यही दरबारमा बस्छिन् ।

यता सोरठी रानी वयस्क भइन् । सोह्र वर्षकी पनि पुगिन । त्यसेबेला जैसिङ्गे राजाका भाइबन्धु र दूतहरू शिकार खेल्ने क्रममा तिर्खाएर सोरठी रानीको दरबार नजिक   आइपुग्छन् । जमुनाको

किनारमा त्यति भव्य दरबार र सोरठी रानीको रूप देखेर मुग्ध भई हाम्रा राजालाई सुहाउने भन्ठानी उनीहरू दरबार पुगेर राजालाई बेलिविस्तार लगाउँछन् । राजाले पनि उत्सुकतापूर्वक कस्ती छन् भन्दा पूर्णिमाको जुनजस्तो अनुहार, परेवाका आँखाजस्ता आँखा, गुलेलीको मठ जस्तो नाक, पीपलको पातजस्तो ओठ आदि भन्दै समग्र शरीरको वर्णन गरेपछि राजा मख्ख पर्छन् र विवाह गर्ने सोच बनाउँछन् । कुमालेलाई पनि विवाहको तयारी गर्न खबर पठाइन्छ । कुमाले पनि राजाका दूत माग्न आएपछि सोरठीलाई दिने निर्णय गर्छ । यता राजाले रानीलाई जीवनमा कुनै प्रकारको दुःख नहुने आश्वासन एवम् बाचा गरेर सम्झाउँछन् । दुवैतर्फ विवाहको तयारी व्यापक हुन्छ । लाख घोडा, लाखै लावा लस्कर लिएर नदीको तिरैतिर जैसिंहे राजाको वरियात चल्छ । केटीको घरमा जन्ती पर्सिने र खाना खाने काम सुरु हुन्छ । विवाह मण्डपमा काम पनि सुरु हुन्छ । गहना, कपडा लगाएर विवाह मण्डपमा आएपछि रानीले बेहुलाको आसनमा बसेका राजालाई आफ्को बाबु हुन् भनेर चिन्छे । राजाले सिन्दुर हाल्न लाग्दा घुम्टो हालेर बसेकी सोरठीले भन्छे -

*बाबा र ज्यूले डियाको गहना कपडु*

*सबै चेली लाउँछ हामु चेली पनि लावैला*

*बाबा र ज्यूले डियाको सिन्दुर सबै चेली लाउँदैन*

*हामु चेली पनि लावैन ।*

सोरठीका यस्ता कुरा सुनेपछि राजा झस्किन्छन् । सोह्र वर्षअघि आफ्नी छोरीलाई सुनको सन्दुसमा हालेर बनाएको कुरा झल्याँस्स सम्झन्छन् । राजाले आफैले आफ्नी छोरी सुनको सन्दुसमा बगाएको र त्यसै छोरीसँग (भुलवश) विवाह गर्न लागेकामा ठूलो अपराध बोध गर्छन् । उनको दिमागभरि छोरीको रूप देखापर्छ अनि राजाले आफ्नो छोरी लिई दरबार फर्किन्छन् र यसरी धोका दिने विजय ज्योतिषलाई चार पाटा मुढी जाँड कोचाएर देश निकाला गरिदिन्छन् ।

यस गा.वि.स बुङ्कोटको सोरठी लोकनाटकको आरम्भमा राजा शुरवीर पराक्रमी धर्मात्मा साथै प्रजावत्सल थिए भने पनि सन्तान थिएन भनेको प्रसङ्ग राम्ररी मिलेको छैन । राजा जैसिंहेको सन्तान किन प्राप्त भएन, पछि कुन पूजा, धर्म, तपस्या गरेर सन्तान भयो भन्ने विषय खुलेको छैन । राजकुमारी सोरठीको जन्म कुन दैविक शक्तिले भएको हो उल्लेख छैन । बाबु र छोरी विवाह हुन खोजेको कुन देवीदेवताको सरापले हो सो पनि उल्लेख छैन । कथाको आदि मध्य र अन्त्य केही हदसम्म मिलेको देखिन्छ । यस लोकनाटकको कथाको स्वरूप रैखिक ढाँचाको छ ।

कथाको सुरुमा सरल ढङ्बाट कथाको विषय अगाडि बढे पनि बिचमा आन्तकि द्वन्द्व र वाह्य  द्वन्द्व प्रवल रूपमा देखा पर्दछ । कथाको अन्तमा द्वन्द्व समाप्त भएको देखिन्छ ।

### ४३.१.२ पात्र

यस बुङ्कोट गाविसको सोरठी समूह नृत्य हो । यसमा विभिन्न पात्रहरूले भाग लिएका हुन्छन् । यस नाटकमा  भाग लिने प्रत्यक्ष पात्रहरू र निर्देशन गर्ने गुरु तथा गीत गाएर सहयोग गर्ने पात्रहरू (गर्रा भाइ) को पनि विशेष भूमिका हुन्छ । समग्रमा नाटकमा गुरुवा, मारुनी, पुर्सुङ्गे, ढटुवारे, मादले, गीदाङ्गे (गर्रा) आदि रहन्छन् । अतः यी पात्रहरूका बारेमा सङ्क्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।

**क. गुरुवा**

बुङ्कोटको सोरठी लोकनाटकको प्रमुख व्यक्ति वा निर्देशकलाई गुरुवा वा रोरो   भनिन्छ । सानै उमेरदेखि नाचको गर्रामा सहभागी भएर नाचगान गरेको र हरेक कुरामा अनुभव भएको एउटा पाको र सबैले मान्यता गरेको, सबै कुरामा सिपालु साथै आदिदेखि अन्त्यसम्म जानेको व्यक्तिलाई सोरठी नाचको गुरुवा भनिन्छ । गुरुवाले गुरुमादल लिएर नाचका तालहरूमा नियन्त्रण र निर्देशन गर्दछ । यसका साथै मुख्य गीत भिक्ने (आलाप गर्ने) र गर्रा (सहयोगी)हरूलाई गीत सिकाउनेदेखि लिएर सोरठीको आरम्भ गर्दा गर्नुपर्ने पूजा, अनुष्ठान, बन्धन बाँध्ने सोरठी उतार्ने, मार्ने र सोरठीलाई नचाई सेलाउने (विसर्जन गर्ने) काममा समेत गुरुवाको प्रमुख भूमिका रहन्छ । अतः सोरठीमा गुरुवालाई निर्देशक तथा विशेषज्ञ दुवैको रूपमा लिइएको हुन्छ । सोरठीको गुरु मगर जातको हुने चलन छ  । सोरठी नाटकमा गुरुको पहिरन धोती-कमिज वा कछाड भोटो,इस्टकोट र शिरमा सेतो फेटा हुन्छ ।

**ख. मारुनी**

बुङ्कोटमा प्रचलित सोरठी नृत्यको अर्को पात्र मारुनी हो । पुरुषपात्रद्वारा नारीपात्रको भेषभूषा लगाएर नारी पात्रकै अभिनय गर्ने काम मारुनीको हुन्छ । मारुनीले विशेषतः सोरठी रानीको चरित्रको भूमिका निर्वाह गरेको हुन्छ । मुख्यतः यस नाटकमा दुई मारुनी  हुन्छन् । मारुनी बन्ने ठिटो सोह्र सत्र वर्षको हुने परम्परा रहेको पाइन्छ र उसको यार्लिङ सरस्वती चढेमा झनै राम्रो मानिन्छ । मारुनीको भेषभूषा वा पहिरन प्राचीन हुनुका साथै विशेष खालको  हुन्छ । यिनीहरू

चोली फरिया वा सेतो घाँगर चोलो, फुर्का छाडेको पटुका बाँध्नुका साथै गहनाहरूमा पोते, तिलहरी, कानमा मुन्द्री वा यार्लिङ, नाकमा बुलाकी, शिरमा शिरबन्दी, नारीमा सुनका बाला वा टल्किने चुरा लगाउँछन् भने हातमा कुसुमे रुमाल र गोडामा खाँकर तथा आँखामा गाजल लगाएर सिंगारिएका हुन्छन् ।

**ग. पुरसुङ्गे**

मारुनीहरूको बीचमा बसेर नाच्ने टिटोलाई पुरुसुङ्गे भनिन्छ । बुङ्कोटको गर्रामा सिपालु मारुनी पछि गएर पुर्सुङ्गे बन्दछ । नृत्य गर्ने कलाकारमध्ये यो पात्र बढी फूर्तिलो र नाच्न सिपालु हुनुपर्दछ । पुर्सुङ्गे सिपालु छ भने गाउने, बजाउने र मारुनीहरूको आपसी ताल फिराउने काममा गल्ती हुन दिँदैन । किनारावाला सेतो जामा, सेतै कमिज, फेटा र इस्टकोट मुख्य पहिरन मानिन्छ । साथै कानमा कुण्डल र अन्य पुरुषहरूले लगाउने गरगहनाहरू पनि लगाएको हुन्छ ।

**घ. ढटुवारे (लवरपाँडे)**

बुङ्कोटको सोरठी लोकनाटकमा विदूषक वा जोकरको काम गर्ने व्यक्तिलाई ढटुवारे वा लवरपाँडे भनिन्छ । विशेषतः उट्पट्याङ्ग भनाइ वा नृत्य गरेर दर्शकलाई हँसाउनु यसको मुख्य काम हो । भोटो, इस्टकोट, भाङ्ग्रा, विर्के टोपी, सिङ्गारिएको हाँस्यमूलक मुखाकृति यसका पोसाक वा भेषभूषा हुन् ।

**ङ. मादले**

सोभ्को अर्थमा मादले भन्नाले मादल बजाउन जान्ने वा मादल बजाउने व्यक्ति भन्ने बुभिन्छ तर बुङ्कोटको सोरठीमा मादले भन्नाले मादल बजाउँदै मारुनी र पुर्सुङ्गेको साथमा कम्मरमा मादल भिरी छिर्केर नाँच्न जान्ने/सक्ने वा नाचगान गर्ने व्यक्ति भन्ने बुभिन्छ । विभिन्न तालमा नाचको स्वरूप परिवर्तन गर्ने काममा यिनीहरूको मुख्य भूमिका रहन्छ । नाचका गर्रामा मादल बजाउन जान्ने त धेरै हुनसक्छन् तर मादलेको फूर्ति देखाएर नाच्न जान्ने कम हुन्छन् । साधारणतया मादलेहरू पनि स्थानीय भेषभूषा वा धोती, कछाड, कमिज वा भोटो, इस्टकोट र सेतो फेटामै ठाँटिएका हुन्छन् ।

**च. गीदाङ्गे (गर्रा)**

बुङ्कोटमो सोरठीमा गुरु (रौरा) ले झिकेको गीतलाई छोप्ने वा गाउने पात्रलाई गीदाङ्गे वा गर्रा भनिन्छ । अथवा एउटै गुरुद्वारा नियन्त्रण गरिएको नाँचमा भाग लिने ग्रामीण जनसमूहलाई गर्रा भनिन्छ । यसमा यति नै हुनुपर्छ भन्ने कुनै नियम छैन । २-४ जनादेखि गाउँभरिका मानिसहरू पनि समावेश हुन सक्छन् । यिनीहरूको पहिरननिश्चित तोकिएको नभए पनि विशेष गरी धोती वा कछाड, पटुका, इस्टकोट, मखमली टोपी आदि लाएको पाइन्छ भने कोही आफ्नै सामान्य पहिरनमा पनि सहभागी हुन्छन् । गाउँघरको चलनअनुसार जति धेरै मानिस भयो उति गर्रा बलियो हुन्छ र महत्वपूर्ण हुन जान्छ ।

**४.३.१.३ परिवेश (देश, काल, वातावरण)**

सोरठीको कथामा व्यापक विशाल परिवेशको चित्रण गरिएको पाइन्छ । बुङ्कोटको सोरठीमा कथावस्तु अनुरूप पात्र र पात्रअनुरूप परिवेशले पनि व्यापकता ओगटेको पाइन्छ । सोरठीमा मुख्यतः लौकिक र अलौकिक परिवेशको चित्रण गरिएको पाइन्छ । बुङ्कोटको लोकनाटक सोरठीमा पनि यस्तो परिवेशको चित्रण पाइन्छ ।

लौकिक परिवेश भन्नाले पृथ्वी र मानवसँग सम्बन्धित यथार्थ वातावरण भन्ने बुझिन्छ । सोरठीभित्र चित्रण गरिएका भौगोलिक स्थानहरूलाई लौकिक परिवेश अन्तर्गत लिइन्छ । जस्तै गोरखा, मकवानपुर, विजयपुर, वृन्दावन रानीवन, हिमचुली, बूढि गण्डकी नदी एवम् समुद्र समेतको चर्चा गरिएको पाइन्छ । त्यस्तै अलौकिक परिवेश अन्तर्गत निःसन्तान कुमाल्नीको हियारबाट दूध बर्षिनु, कुमालेको झुप्रो घर भव्य दरबारमा परिणत हुनु, (राजा) जतापट्टि गएका छन् त्यही दिशातर्फ भेघ बर्सियोस् भन्दा पूर्व दिशातर्फ मेघ बर्सिनुजस्ता, सोरठीले बाबुको आमाको बारेमा सबै कुरा भन्नु, घटना परिवेशले सोरठीमा वर्णित अलौकिक परिवेशको उदाहरण मिल्दछ ।

मूलतः लोकनाटक सोरठी रोमाञ्चक काल्पनिक प्रेमाख्यान भएको हुनाले यहाँको परिवेश पनि पूर्णतः काल्पनिक नै छ तापनि यहाँ वर्णित भौगोलिक परिवेशले केही मात्रामा काल्पनिक कथालाई यथार्थको नजिक लैजाने प्रयास गरेको पाइन्छ ।

### ४.३.१.४ भाषा

लोकनाटकमा स्थानीय अकृत्रिम सरल भाषाको प्रयोग गरिने मान्यताअनुरूप बुङ्कोटको लोकनाटक सोरठीमा पनि अकृत्रिम सर्वबोध्य पद्य भाषाको प्रयोग गरिएको छ । यसरी प्रयुक्त नेपाली भाषाका शब्दहरूमध्ये अधिकतम शब्दहरू लेख्य नेपाली भाषाका भन्दा नौला र रोचक खालका छन् । ती शब्दहरू स्रोतका दृष्टिले हेर्दा तत्सम, तद्भव/आगन्तुक र स्थानीय लोकशब्द गरी चार प्रकारका पाइन्छन् ।

गर्भ लग्न, पुस्तकजस्ता संस्कृत तत्सम शब्द अनि, निचे, क्या, मालुम जस्ता ठेट अरवी-फारसी शब्दको न्यून प्रयोग र पुरिवैको (पूर्वको), पोस्टक (पुस्तक), गरिभै(गर्भ)जस्ता नेपाली तद्भव शब्द र हामरो (हाम्रो कउनै (कुनै), हामुले (हामीले) कैसो (कसो), तुमरो (तिम्रो) जस्ता स्थानीय कथ्य तद्भव शब्द अनि पायेम (पायौं), लैजाम (लैजाऊ) आदि जस्ता स्थानीय रूपमा प्रचलित क्रियापदको प्रयोगले लोकनाटकको भाषा स्वाभाविक एवम् रुचिपूर्ण बन्न पुगेको छ ।

विवेच्य लोकनाटक सोरठीमा स्थानीय मगर जातिले प्रयोग (उच्चारण) गर्ने नेपाली शब्दहरूको रोचक प्रयोग पनि भेटिन्छ । जस्तै ‘द’ वर्णलाई ‘ड’ वर्णमा लगी उच्चारण गरिने हेरिडेऊ, डेसै, डिन, डियाको, डिडी, सन्डुस आदि । त्यस्तै ‘त’ वर्ण ‘ट’ मा जुटिया, टिगरी, जस्टो, टिरैमा पोस्टकै आदि । ‘ड’ वर्ण ‘द’ मा दादै, चुदीमा आदि । पद्यबद्ध लोकनाटक सोरठीका गीतिपँक्तिमा छन्द तथा लय मिलाउनका निम्ति प्रयुक्त भाषाका शब्दलाई मोड्ने गरेको पाइन्छ । जस्तै :

चमकैला-चम्केला, जैसो-जस्तो, नेओलै-न्याउली, कसुको- कसको, सङिया- सियो, विरजेवुर - विजयपुर ।

यसरी आवृत्तिमूलक भाषिक विन्यास र जातिगत भाषा प्रयोगको बाहुल्य भएको सोरठी लोकनाटकमा प्रयुक्त संस्कृत-हिन्दी, नेपाली भाषाका शब्दलाई स्थानीय कथ्य रूप दिई आफ्नै खालको भाषा बनाई प्रयोग गरिएको छ । यस्तो भाषा कोमल, मधुर अकृत्रिम, लयात्मक र सुबोध्य हुन पुगेको कुरा यस लोकनाटकमा श्रवण वाचन एवम् प्रदर्शनका क्रममा प्रष्ट हुन्छ ।

सोरठी लोकनाटकमा विभिन्न भाषाको प्रभाव परेको वा भाषा विकृत अवस्थामा पाउन सन्छि ।

१. भोजपुरी भाषाबाट सोरठीमा प्रयोग भएका शब्दहरू : बेटिया, हियार, भैया, हमार, तुमारे, चोलिया, मीया आदि ।
२. संस्कृत भाषका शब्दहरु केही विकृत रुपमा सोरठीमा प्रयोग गरिएका छन् । जस्तैः बेल–बेलिया, पूर्व–पूरिवै पुस्तक–पोस्तक, गर्भ–गरिभै, सूर्य–सूरिज
३. सोरठीमा प्रयोग भएका मगर भाषाका शब्दहरुःमाले, मदुस, दरसनी, कटुवाले आदि ।

४. नेपाली भाषाका मौलिक झर्रा शब्दहरू पनि स्थानीय प्रभावका आधारमा सोरठीमा भिन्नकिसिमले प्रयोग भएका छन् । यसरी हेर्दा स्थानीय भाषिकाकै शब्दहरूमासोरठीको गीत निर्मित भएको पाइन्छ । जस्तैः अरू–यारू, अक्षता–यक्षता, आई–याई, पाउमापावैमा, घिउ–घिवै, खाउँला–खावैला, लिउँला–लिवैला, छेउ–छेवै आदि ।

५. सोरठीमा प्रयोग गरिएका शब्दहरूको स्वरूप परिवर्तन भएको पाइन्छ , जस्तैः एक–एकु, गुन्द्री–गुँदरी, ढकनी–झपनी, हाँसे–हाँसोइला, कसो–कैसे, दुई–दुदु, त्यसरी–तिसरी, दक्षिण–दखिन आदि ।

### ४.३.१.५ शैली

लोकनाटकमा संवाद हुने भएकाले सोरठी लोकनाटकमा पनि विशेषतः संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । बुङ्कोट सोरठीका पात्रहरू गीतमा नै संवाद गर्छन । त्यस्तै मनोवादात्मक ( एकालापीय) शैली र कतै वर्णनात्मक, आज्ञार्थक, स्तवन एवम् आवृत्तिमूलक शैलीको पनि प्रयोग गरिएको छ ।

लोकनाटक सोरठीमा पनि विभिन्न पात्रका बीच विविध विषयमा केन्द्रित भई संवाद भएको छ । उदाहरणका लागि कुटुवाले र सुडेल्नी बीच भएको संवादको संक्षिप्त नमुना यसप्रकारको छ :

*सुडेल्नी- के हो रे काम, के हो रे हुकुम, कहुने कामले बोलाया हो हा*
*न ए मेरो हराम हो, न ए मेरो विराम हो, कहुने कामले बोलाया हो*
*कटुवाले - हा काट्ने हैन मारने हैन, कामहीले बोलाया हो*
*राजै दरिवार बेटिया जनम, सोही काले बोलाया हो ।*
*सुडेल्नी - हा जाँदा हुन त जाँदा हुन, शीरै लाउने शीरफूल जाँदा हुन् ।*
*कटुवाले - हा शीरैमा लाउने हो शिरफूल, हुई राजाले डिनेछन् ।*

यसैगरी विजय पण्डित र कटुवाले, कटुवाले र भेलिया सुनारे बीच, जैसिंहे राजका वरियात र माइती पक्षका बीच, हेमवतीरानी र गाई, भैसी, बाख्रा हेर्ने गोठालाबीच रोमाञ्चक संवाद भएको छ । ती संवाद आपसमा झैझगडाभन्दा पनि काम गर्ने कार्यसित सम्बन्धित भएका छन् । यसरी लोकनाटक सोरठीमा संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

लोकनाटकमा मनोवादात्मक एकालापीय शैलीको प्रयोग भए जस्तै सोरठी लोकनाटकमा पनि यस्तो शैलीको प्रयोग पनि भएको छ । बालिकालाई समुद्रमा लगी बगाएपछि हेमैती रानीको

विलौना सुरु हुन्छ । त्यस रोदनमा रानीले, एक्लै रुँदै "अरूको बाला छुनु र मुनु हामरो बालखुलाई समुन्द्र बगाउनी" जस्ता अभिव्यक्ति दिँदा एकालापीय मनोवादात्मक शैलीको प्रयोग भएको छ । माथि उल्लेख गरिए मुताविकको एकालापीय गेय शैलीको प्रयोगले गर्दा प्रस्तुत लोकनाटकका स्रोता एवम. दर्शकको हृदय करुणाले द्रवीभूत भएको हुन्छ ।

यस सोरठीमा वर्णनात्मक शैलीको पनि प्रशस्त प्रयोग भएको पाइन्छ । अन्य लोकनाटकमाझैं यसमा पनि ठाउँ ठाउँमा विभिन्न विषयको वर्णन गरिएको छ । सोरठी रानीको रूपको वर्णन, माझीले जाल बुन्नुभन्दापूर्व पुवा काड्नेदेखि पुवा ठटाउने एवम् जाल बुन्ने कार्यको वर्णन जस्तो प्रसङ्गले वर्णनात्मक शैलीको प्रमाण दिन्छ ।

त्यस्तै राजपरिवारमा बच्चा जन्मेपछि उसको सालनाल गर्न कटुवालमार्फत सुडेल्नीलाई बोलाउँदा बच्चाको हस्त रेखा, सुदिनकुदिन हेर्ने पण्डितलाई बोलाउँदा, पछि बच्चालाई बगाउने सन्दुस बनाउन सुनारलाई बोलाउँदा एवम् राजाले विजय ज्योतिषलाई देश निकाला गर्दा जस्ता कार्यमा आज्ञार्थक शैलीको प्रयोग भएको छ । त्यसैगरी सोरठीको सुरुवात् र अन्तिम चरणमा देवी देवताको स्तवनका साथै विभिन्न देवीदेवताको नाम लिएर जयजयकार गर्ने र तिनीहरूको शरण पर्ने कार्यमा स्तवन शैलीको प्रयोग भएको छ । यसका अतिरिक्त यस लोकनाटकमा प्रयोग भएका अधिकांश गीतका प्रक्तिहरू दोहोर्‍याएर गाइने भएकाले प्रयुक्त गीतिपङ्क्तिहरूमा आवृत्तिमूलक प्रस्तुति शैलीको पनि प्रशस्त प्रयोग भएको  छ ।

यसरी संवादात्मक, मनोवादात्मक, वर्णनात्मक, आज्ञार्थक लगायत विविध शैलीको मिश्रणयुक्त छुट्टै खालको शैली भएको वा शैलीगत विविधतामा पनि एकता भएको लोकनाटकको रूपमा सोरठी लोकनाटक देखापरेको छ ।

### ४.३.१.६ लय/छन्द

बुङ्कोटको लोकनाटक सोरठी लोकलयमा संरचित गाथाकाव्य हो । यसमा शास्त्रीय छन्दहरूको प्रयोग भएको छैन । यद्यपि लोकसाहित्यको मौलिक पक्ष लय भएकाले गायकहरूले स्वतस्फूर्त रूपमा गीत गायन गर्दा वा प्राकृतिक भावाभिव्यक्ति गर्दा विभिन्न लोकलय बनेका छन् । यस्ता लोकलयहरूको अध्ययन गर्दा यसमा लयात्मक मिठास, अभिव्यञ्जना पूर्ण अभिव्यक्ति लगायत विविधता पाइन्छन् । विवेच्य लोकनाटक सोरठीका गीतभित्र निम्नानुसारका लयहरू रहेका छन् :-

१. ८+८+९=२५ तीन पङ्क्ति एक श्लोक हुने, पहिलो र दोस्रो पङ्क्ति ८ अक्षरको, तेस्रो पङ्क्ति ९ अक्षरको हुने लय

*नही मेरो गाई गोठ*

*नही ए हियार दुध*

*कैसो गरी पालम्ला राजै*

२. पहिलो र तेस्रो पंक्तिमा ४,८ अक्षरमा विश्राम हुने, दोस्रो र चौथो पङ्क्तिमा ९ अक्षरमा विश्राम हुने लय

*परेवाको आँखी जैसो*

*सोरठी रानीको आँखिया*

*काकरीको विया जैसो*

*सोरठी रानीको दनित*

३. पहिलो पंक्तिमा ११, १० अक्षरमा विश्राम हुने, दोश्रो प्रक्तिमा १२, ९ अक्षरमा विश्राम हुने र तेस्रो पंक्तिमा १८ अक्षरको अन्तरा हुने लोक लय

*बाबै र ज्यूले डियाको चोलिया लगाउला झुलेमुले घाम*

*तिमी त बसै हैं साथी र संगिनी हामू त उठी चली जाम*

*उचुकी ढुङ्गी बसिमा बसी रहुला धुरुमा धुरु*

माथि प्रस्तुत गरिएका लयहरू गीतमा रहेका अक्षर विश्राम र सङ्गीतलाई अध्ययन गरेर छुट्याइएको हो । यी लगायतका अन्य थुप्रै लयहरू पनि यस सोरठी लोकनाटकमा रहेका छन् ।

### ४.३.१.७ सङ्गीत

गीत, बाजा र नृत्यको समुच्चय रूप सङ्गीत हो । सङ्गीतका यी तीनवटै पक्षको प्रचुर प्रयोग हुनुका साथै यसमा  बुङ्कोट गा.वि.स.को मौलिक सङ्गीतको प्रयोग पनि गरिन्छ । यसको मुख्य वाद्यवादनको रूपमा मादललाई लिइन्छ । यसमा बजाउने मादललाई विभिन्न रङ्गका वस्त्र र ध्वजाले सिंगारिएको हुन्छ । यो अन्य मादल भन्दा ठूलो भएकाले यसलाई गुरु मादल पनि भनिन्छ । प्रत्येक गीत र नृत्यको चाल यही मादलका तालमा आधारित हुन्छ ।

सोरठी लोकनाटकको सङ्गीतशास्त्रीय अध्ययन गरिएका् छैन तापनि यस लोकनाटकमा गर्रा बाँध्ने ताल सोरठीको गीतको उठान गर्दा प्रयोग गरिन्छ । ६ मात्रामा प्रयोग हुने यस तालमा सखी ( साँखी) गीत गाउने प्रचलन छ । यसमा ४/४ मात्रामा अडान हुन्छ र १६ (सोह्र) मात्राको ताल हुन्छ । सरस्वती जगाउँदा ७ देखि ११ तालसम्म बजाउने गरिन्छ । सोरठीको मूल गीतमा लमी ताल बजाइन्छ । जसलाई सोरठी लय पनि भनिन्छ । विलम्बित लयमा बजाइने यस तालमा

सामान्य अवस्थामा १४ मात्रा र ताल दिँदा २८ मात्राको एक ताल हुन्छ । छोटीताल ४/४ मात्रामा अडान हुने ८ मात्राको ताल हो । यो अवस्थाअनुसार २४ मात्रासम्म पनि प्रयोगमा आउन सक्छ । यो ताल मध्यलयमा बजाइन्छ । सोरठी नाचको अन्त्यमा पनि प्रारम्भ (सुरुमा) जस्तै गर्रा बाँध्ने (साँखी बाँध्ने) ताल  बजाइन्छ । सखी गीत गाएर बन्धनमा राखेका बाजा,नर्तक र गायकहरलाई बन्धनमुत्तः गर्ने क्रममा यस तालको पुनरावृत्ति गरिन्छ । यसरी सोरठी लोकनाटकमा बुङ्कोटको  मौलिक सङ्गीत प्रयोग भएको देखिन्छ ।

### ४.३.१.८ द्वन्द्व

बुङ्कोटको लोकनाटक सोरठीलाई रोमाञ्चमय तुल्याउने एउटा प्रमुख आधार द्वन्द्व हो । लोकनाटक सोरठीको आख्यानमा साना मसिना द्वन्द्व भेटिए पनि मुख्य द्वन्द्व प्रायः कम छन् । जस्तै;

१.बालिका (सोरठी रानी) लाई सुनको सन्दुसमा राखी समुद्रमा बगाउन लैजाँदा आमा हैमतीलाई परेको आन्तरिक पिर ।

*यारु को बाला छलै र मलै*
*हामरा बाला समुद्र*
*यारुको बाला याघि पछि*
*हामरा बाला समुद्र*

पण्डितले राजासँग बालिका राज्यमूल परेको भनी ढाँट्दा पण्डितको मनको आन्तरिक द्वन्द्व र

राजाको मनमा उर्लेको पीडाको आँधी यसरी प्रकट भएको छः

*जस्तोमा देख्छौ उस्तैमा भनीदेऊ जैसीज्यू*
*गाह्रो केलाई मान्छौ जैसीज्यू*

३. अज्ञानता/भूलवश आफ्नै छोरीसँग विवाह गर्न थालेको रहस्य खुलेपछि राजाको मनमा उठेको द्वन्द्व एवम् विजय पण्डितलाई देश निकाला गर्दा चार पाटा मुढ्न राजाले  लगाई बदला लिन खोज्दाको द्वन्द्व बढी सवल छ । यी र यस्ता घटनामा आएका आरोह अवरोहबाट यस लोकनाटकको कथावस्तुमा द्वन्द्व भरिन पुगी त्यसले नाटकीय प्रभावलाई बढी सशक्त बनाएको छ ।

*दूधै भनी भनी जाँडै खुलायौ*

*विजय जैसीलाई धपायो ॥*

*जातै तिम्रो गयो*

*सातै समुद्रपारी*

यी र यस्ता घटनामा आएका आरोह अवरोहबाट यस लोकनाटकको कथावस्तुमा द्वन्द्व भरिन पुगी त्यसले नाटकीय प्रभावलाई बढी सशक्त बनाएको छ ।

### ४.३.१.९ भेषभूषा

यस बुङ्कोट सोरठीमा परम्परागत लोकनाटक भएकाले यसमा परम्परागत पहिरन (भेषभूषा) लगाइन्छ । यसमा पुरुष र स्त्रीको नृत्याभिनय गर्ने लोक कलाकारहरूको सहभागिता हुने भएकाले विशेष गरी पुरुषले लगाउने पहिरन र महिलाले लगाउने पहिरन फरक फरक रहन्छन् ।

पुरुष अन्तर्गत यहाँको सोरठी गुरुवाले स्थानीय भेषभूषा सेतो फेटा भोटो, कछाड, भाङ्ग्रा आदि पहिरिन्छन् । त्यस्तै पुर्सुङ्गेको पहिरन पनि गुरुबा (रौरा) कै जस्तो हुन्छ तर पुर्सुङ्गेले कानमा टप वा कुण्डल, घाटीमा रिठाको माला वा अन्य मालाहरू लगाई आकर्षक रूपसज्जामा रहेको हुन्छ । ढटुवारेको पहिरनमा चाहिँ अन्य सबै एउटै भए पनि विर्के टोपी फरक हुन्छ । त्यसै गरी नारी पात्रका रूपमा रहने सोरठी (मारुनी) को पहिरन चौवन्दी चोलो, कर्मु, पटुकी, पछ्यौरी आदि र गहनाहरूमा मुगाको माला, सुनको जन्तर, नौगेडी, खुट्टामा खोकर, हातमा सुनुको बाला, चुरा आदि हुन्छन् ।  यो पहिरन आडम्बर एवम् उपहासपूर्ण हुनुभन्दा पनि प्राचीन सौम्य कलायुक्त हुन्छ । अतः यस लोकनाटकको रूपप्रसाधन तथा भेषभूषाले हाम्रो प्राचीन संस्कृतिलाई जीवन्त पारिराखेको छ ।

## ४.४ रसको आधारमा सोरठीको विश्लेषण

बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठी लोकनाटकमा मुख्यतः निम्नलिखित रसहरू पाइन्छन्:

### ४.४.१ शृङ्गार रस

बुङ्कोटको सोरठीमा शृङ्गार रसको यसरी प्रयोग भएको देखिन्छ :-

सोरठीको रूप र सौन्दर्य वर्णनमा संयोग शृङ्गार

शृङ्गार

*परेवाको आँखी जैसो*

*सोरठी रानकिो आँखिया*

*काकरकिो विया जैसो*

*सोरठी रानीको दनित*

*केराको थाम जस्तो सोरठीको तिघ्रा*

*बारुलाको कम्मर जस्तो सोरठीको कम्मर*

### ४.४.२ करुण रस

यस  बुङ्कोटको सोरठीमा करुण रसको यसरी प्रयोग भएको देखिन्छ :-

सोरठीलाई नदीमा बगाएपछि हैमती रानी छोरीको सम्झना गर्दै उनको वियोगमा करुण भाव व्यक्त गर्दछिन् ।

*हियारको बालै दूधै पियैला*

*हामरी बाला समुद्र*

*यारु को बाला छलै र मलै*

*हामरा बाला समुद्र*

*यारुको बाला याघि पछि*

*हामरा बाला समुद्र*

### ४.४.३ रौद्र रस

यस बुङ्कोटको सोरठीमा रौद्र रसको यसरी प्रयोग भएको देखिन्छ :-

सोरठीलाई नदीमा बगाउने षडयन्त्र गरेको र माझीबाट उद्धार गरिएकी सोरठीसंग राजाको विवाह गर्न लगाइएको अवस्थामा राजा क्रोधयुक्त भई विजय जैसीलाई चार पाउ बाध्ने चार पाटा मुढ्ने, जाँड खुवाउने, देश निकाला गर्ने रौद्र भावयुक्त प्रसङ्ग सोरठीमा रहेको छ । जस्तै :

*चारै पाउ बाँधीमा बाँधी नेलै लगाइ*

*चारै र पाता मुढीमा मुढी जातै फालेऊ*

*दूधै भनी भनी जाँडै खुलायौ*

*विजय जैसीलाई धपायो*

### ४.४.४ वीभत्स रस

यस बुङ्कोटको सोरठीमा वीभत्स रसको यसरी प्रयोग भएको देखिन्छ :-

सोरठी लोकनाटकमा राजा जयसिंहले सिकार खेल्दा मृगका रगतको पोखरी बनेको चित्रण यसरी गरिएको छ । जस्तै :

*रगतैको घटिया हेर*

*दाजैका रगतै पोखरी*

*रगतैको पोखरी हेर्दा*

*हरिनको बथान मार्‍यो*

### ४.४.५ भक्ति रस

यस बुङ्कोटको सोरठीमा भक्तिरसको यसरी प्रयोग भएको देखिन्छ :-

सोरठी लोकनाटकमा देवीदेवता तथा ईश्वर प्रति समर्पिथ भाव भएका भक्तिमूलक गीत पाइन्छ ।

*शिरै सिन्दुर शिरैमा सुहायो हो*

*सरस्वती सरनमुना सखी हो*

*सरस्वती सरनमुना*

*लिलै टिकिया लिलैमा सुहायो हो*

*सरस्वती सरनमुना*

*सखी हो सरस्वती सरनमुना*

*कानै सुनीया कानैमा सुहायो हो*

*सरस्वती सरनमुना*

## ४.५ अलङ्कारको  आधारमा सोरठीको विश्लेषण

अलङ्कार शास्त्रीय दृष्टिकोणले सोरठी लोकनाटकको विश्लेषण गर्दा बुङ्कोटको सोरठीमा प्रशस्त शब्दालङ्कार र अर्थलङ्कार भेटिन्छ । अतः यहाँ उपलब्ध हुने सोरठीमा निम्नलिखित अलङ्कारहरू पाइन्छन् ।

### ४.५.१ शब्दालङ्कार

बुङ्कोटको सोरठी लोकनाटकमा  यसरी शब्दालङ्कार प्रयोग भएको  छ ।

#### ४.५.१.१ अन्त्यानुप्रास

यस  बुङ्कोटको सोरठीमा अन्त्यानुप्रास यसरी प्रयोग भएको पाइन्छ ।

*एकै र मास दुवै र महिना*

*दुवै र मास तीनै र महिना*

*तीनै मास चारै र महिना*

*चारै र मास पाँचै र महिना*

यहाँ हरेक पाउमा र, मास, महिना शब्दहरुको आवृत्ति भएर अन्त्यानुप्रास भएको छ ।

#### ४.५.१.२ छेकानुप्रास

यस बुङ्कोटको सोरठीमा छेकानुप्रास यसरी प्रयोग भएको पाइन्छ :-

*याधिमा याधि सुँढयानी माई*

*पछिमा पछि कटुवाले*

यहाँ याधि, पछि एक-एकपटक दोहोरिएर छेकानुप्रास भएको छ ।

#### ४.५.१.३ श्रुत्यानुप्रास अलङ्कार

यस बुङ्कोटको सोरठीमा श्रुत्यानुप्रास यसरी प्रयोग भएको पाइन्छ :-

*पश्चिमै दिशा मिरिङ्जेवन*

*सिकारै खेल्न जाम्*

यहाँ प, म ओष्ठय र क, ख कण्ठस्थान उच्चारण हुने वर्णहरुको पुनरावृत्ति भइहेकोले श्रुत्यानुप्रास अलङ्कार बनेको छ ।

#### ४.५.१.४ वृत्यानुप्रास अलङ्कार

यस बुङ्कोटको सोरठीमा वृत्यानुप्रास यसरी प्रयोग भएको पाइन्छ :-

*पैकेरे गेडुवा आफै तौली लेऊ सुन्हारे*

*सुनेकेरे झपनी बनाओ*

*देखमा देख राजैज्यू सुनैको मधुस*

*देखमा देख राजैज्यू सपैको झपनी*

यहाँ केरे, देखे, राजैज्यू र झपनी आदि शब्दको बारम्बार आवृत्ति भएर  वृत्यानुप्रास अलङ्कार भएको छ ।

### ४.५.२ अर्थालङ्कार

सोरठी लोकनाटक साहित्यिक अवचेतनामा नै रचना गरिएको हो । यो काव्यशास्त्रीय ज्ञानविना नै रचिएको भए तापनि यसले सहज प्रकृतिक अभिव्यक्तिहरु प्रस्तुत गर्दा लोकनाटकमा प्रशस्त अर्थालङ्कार बनेका छन् । जस्तै :

#### ४.५.२.१ उपमा अलङ्कार

यस बुङ्कोटको सोरठीमा उपमा अलङ्कार यसरी प्रयोग भएको पाइन्छ :-

*परेवाको आँखी जैसो*

*सोरठी रानकिो आँखिया*

*काकरकिो विया जैसो*

*सोरठी रानीको दनित*

यहाँ उपमेय सोरठीका विभिन्न अङ्ग (आँखा, दात)संग उपमान परेवाको आँखी, काक्रोको वियाँसंग तुलना गरिएको हुँदा रूप र गुण सादृश्य उपमा भएको छ ।

#### ४.५.२.२ भ्रान्तिमान अलङ्कार

यस बुङ्कोटको सोरठीमा भ्रान्तिमान अलङ्कार यसरी प्रयोग भएको पाइन्छ :-

*भूत पो हो कि दैत पो हो कि*

*छल्न पो लाग्यो कि*

सोरठीमा कुमाले र माझीले नदीमा जाल हान्दा सुनको बाकस जालमा पर्दा तान्न गाह्रो भएको समयमा सुनमछिया भूत वा दैत्य के हो भन्ने भ्रम परेको छ । लुप्त रहेको उपमेय (सोरठी) मा भूत र दैत्य भ्रम परेको हुनाले यहाँ भ्रान्तिमान अलङ्कार बनेको छ ।

#### ४.५.२.३ मालादीपक अलङ्कार

यस बुङ्कोटको सोरठीमा मालादीपक अलङ्कार यसरी प्रयोग भएको पाइन्छ :-

*एकै र मास दुवै र महिना*

*दुवै र मास तीनै र महिना*

*तीनै मास चारै र महिना*

*चारै र मास पाँचै र महिना*

यहाँ एक–दुई, दुई–तीन, तीन–चार आदि शब्दको साङ्ली परेकोले मालादीपक अलङ्कार बनेको छ ।

**४.५.२.४ विषदत्त अलङ्कार**

यस बुङ्कोटको सोरठीमा विषदत्त अलङ्कार यसरी प्रयोग भएको पाइन्छ :-

*यारु को बाला छलै र मलै*

*हामरा बाला समुद्र*

*यारुको बाला याघि पछि*

*हामरा बाला समुद्र*

सोरठीमा बालिका जन्मेपछि आमाले प्राप्त गर्ने मातृत्व र वात्सल्य प्रेम बालिकालाई समुद्रमा बगाएपछि ठीक उल्टो भएको र आमाको शोकग्रस्त मानसिकतामा रहेको कुरो माथिका पङ्क्तिमा व्यक्त भएको छ

**४.६ अन्य आधारमा बुङकोटको सोरठीको विश्लेषण**

**४.६.१ धार्मिक विषयवस्तुका आधारमा**

यस बुङ्कोट लोकनाटक सोरठी धार्मिक भावनाले ओतप्रोत भएको पाइन्छ । सिद्वयोगी ज्योतिषको सम्मान गर्ने प्रचलन थियो । धार्मिक विधि अनुसार विवाह, जन्म, अन्य परम्परा सञ्चालित थिए । कुनै पनि कार्य गर्दा सुरुमा देवीदेवताको प्राथना गर्ने प्रचलन भएको पाइन्छ । ईश्वरप्रतिको भक्तिभाव देखिन्छ; सोरठीमा कुमालले बच्चालाई बचाउनलाई आफ्नो छातीबाट दूध आहोस् भनी ईश्वरसँग प्रार्थना गरेको छ । त्यस्तै यसको सुरुमा सरस्वती माता प्रति भक्तिभाव गरिएको छ । जस्तै :

*सरस्वती*

*आँखी गाजलु आँखैमा सुहायो*

*सरस्वती नमुना*

*गलै कण्ठिया गलैमा सुहायो हो*

*सरस्वती सरै नमुना*

*कम्मर पटुकी कम्मरमै सुहायो हो*

*सरस्वती सरै नमुना*

### ४.६.२ लोकविश्वास

सामाजिक सँस्कृतिक रूपमा बुङ्कोट गा.वि.स.मा एक आफ्नै प्रकारका लोक विश्वासहरू चल्दै आएका छन् । लोक समाजले अन्तस्करणदेखि स्वीकार गरेका विश्वासहरुलाई लोकविश्वास भनिन्छ । लोक परम्परा, रीतिविाज, आस्थाहरू लोकविश्वास भित्र पर्दछन् । सोरठीमा राजा जयसिंहले छोरी जन्मेपछि ज्योतिषलाई बच्चाको भाग्य हेराउने, छोरीको मूल परेपछि सुनको बाकसमा छोरीलाई नदीमा बगाउने, कुमालले नदीमा सोरठीलाई प्राप्त गरेपछि कुमाल र माझी बिच कुराकानी हुदा भूत अथवा दैत्य के हो भन्नु, यी लोकविश्वासका ज्वालन्त उदाहरणहरु छन् । जस्तैः

*भूत पो हो कि दैत पो हो कि*

*छल्न पो लाग्यो कि*

### ४.६.३ प्रेम

यस बुङ्कोटको लोकनाटक सोरठीमा माया, प्रेम, सद्भाव जस्ता प्रसङ्ग पनि उल्लेख छ । राजा जयसिंह र रानी हैमतीको बिच भएको प्रेम वा राजाले सोरठीसँग विवाह गर्न खोजेपछि सबै विषय थाहा पाएर पूनःछोरीसंग प्रेम प्रसङ्ग यसमा उल्लेख भएको छ । जस्तैः

*एकु देशको राजा एकु देशको रानी*

*माया र पिरती भयो रानी गरिभै रह्यो*

### ४.६.४ बहुविवाह सम्बन्धी सँस्कार

राजा जयसिंह एक असल प्रजाप्रेमी राजा थिए । उनको सन्तान धेरै समयसम्म भएको थिएन । ढिलै भए पनि रानी हैमतीले छोरी सोरठीलाई जन्म दिएकी थिइन् । तर अपशोच ! ज्योतिषको फन्दामा परेपछि राजा फेरि अर्कोसँग विवाह गर्ने प्रसङ्ग उठेबाट त्यतिबेला राज परिवारमा र सर्वसाधरणमा बहुविवाह गर्ने संस्कार भएको पुष्टि हुन्छ । जस्तैः

*हेरमा हेर लोकमा पञ्च*

*जयसिंङ्गे राजाको वरियात*

### ४.६.५ दण्डसजाय गर्ने परिपाटी

यस बुङ्कोटको लोकनाटक सोरठीमा जनजाति राज परिवारमा एउटा असल सुन्दर बालिकाको जन्म भएको छ । यो अवस्थाको डाह गर्ने ज्योतिषलाई सबै वृत्तान्त थाहा पाएपछि चार पाउ बाँध्ने, नेल लगाउने, चारै पाटा मुढ्ने र जाँड खुवाएर जात फाल्ने जस्ता दण्डसजायको व्यवस्था थियो भन्ने प्रष्ट हुन्छ । जस्तैः

*चारै पाउ बाँधीमा बाँधी नेलै लगाइ*
*चारै र पाता मुढीमा मुढी जातै फालेऊ*
*दूधै भनी भनी जाँडै खुलायौ*
*विजय जैसीलाई धपायो ॥*
*जातै तिम्रो गयो*
*सातै समुद्रपारी*

### ४.६.६ मानवीय सेवाको चित्रण

गरीबको सेवा गर्नु पर्छ भन्ने विषय यस बुङ्कोटको लोकनाटकमा उल्लेख भएको छ । सोरठीमा विजय ज्योतिषको सल्लाह अनुसार जयसिंह राजाले छोरीलाई नदीमा सुनको बाकसमा बगाएपछि कुमालले ल्याएर मायाममता र स्नेह साथ पालेर मानवीय धर्मको पालन गरेको छ । जस्तै :

*काखैमा ल्याउन घरकी माई*
*दूधै पियाओ घरकी माई*
*सुन्दर बालै बेटिया*

### ४.६.७ प्रकृतिको चित्रण

यस बुङ्कोटको सोरठीमा विभिन्न स्थानको प्रकृतिको चित्रण गरिएको पाइन्छ । समुद्र, नदी, वन र मैदानको चित्रण गरिएको छ । कुमाले र माझी माछा मार्न जाँदा बूढी गण्डकी, मनासुलु हिमाल र काली गण्डकी जस्ता प्रकृतिको उल्लेख पाइन्छ । जस्तैः

*पुरवै दिशा बूढी गण्डकी*
*उत्तरै दिशा मनासुलु हिमाल*
*पश्चिमै दिशा काली गण्डकी*
*उँभोमा हेरौ हिमैचुली*

*उँधै हेरौ सातै समुद्र*

राजा जयसिंह उनका साथीहरु सिकार खेल्न गएको रानीवन, मिरिङ्जे नव, काली वन मनासुलू हिमाल, हिमचुली, र यहाँ पाइने वन्याजन्तु र पक्षीहरू जस्ता प्राकृतिक मनोरम अवस्थाको चित्रण गरिएको छ । जस्तै :

*पूरिवै दिशा मधुवन*

*उत्तरै दिशा रानीवन*

*दखिनै दिशा काली वन*

*पश्चिमै दिशा मिरिङ्जेवन*

*पूरिवै दिशा मधुवन*

*जोरै हरिनको बथान*

*उत्तरै दिशा रानी वन*

*जोरै चराको बथान*

*पश्चिम दिशा मिरिङ्जे वन*

### ४.६.८ वाद्यवादनको चित्रण

यस बुङ्कोटको सोरठीमा मादल, झ्याली, मुजुरा र पञ्चेवाजहरूको वर्णन पाइन्छ । जस्तै :

*पञ्चै बाजा बनाऊ*

*याघिमा याघि दरशनी*

### ४.६.९ औषधी चित्रण

जयसिंह राजाकी रानी हैमती सोरठीलाई जन्माउने समयमा औषधी मूलो गरेमा छिटै निको हुने उल्लेख छ । जस्तै:

*जडबुटी ओखती चन्द्रसूर्यले दिनेछन्*

*सोही ओखती खाइ सइसित्तल हुनेछ*

### ४.६.१० नैतिक दृष्टिकोण

देश र प्रजाका हितका निमित्त राजाले राजपरिवार र राज्य त्याग गर्ने प्रसङ्ग पनि यस बुङ्कोटको सोरठी लोकनाटकमा पाइन्छ । सोरठी रानी मूलो परेकी कारणले राज्यमा अनिष्ट आउनुभन्दा छोरी त्याग गर्न तयार भएबाट राजा देश र प्रजाप्रति जिम्बेवारी भएको पाइन्छ । जस्तै:

*खावैला आमा बाबु*

*खावैला दाना र पानी*

*खावैला दाजु र भाइ*

*खावैला दाना र पानी*

*खावैला दिदी र बहिनी*

*सातै मूलको पानी जमरी*

ज्योतिषले भनेको आधारमा छोरी सोरठीलाई नदीमा बगाउनु राजाको लाछीपन देखिन्छ ।

# अध्याय - पाँच

# ५.स्थानीय मगर जाति  र सोरठीको सम्बन्ध

## ५.१ परिचय

नेपाल बहुजाति बहुभाषी र बहुसंस्कृति भएको देश हो । नेपालमा बाहुन, क्षेत्री ,मगर, गुरुङ, राई, लिम्बु, शेर्पा, थारु मुस्लिम र दलितको बसोबास गर्दछन् । यी विभिन्न जातिको आफ्नै धर्म संस्कार, परम्परा रीतिरिवाज रहनसहन, कतिपय अवस्थामा आफ्नै बसोबासको निश्चत क्षेत्र रहेको छ । खासगरी गोरखा जिल्लाको बुङ्कोट गा.वि.स.मा पनि बाहुन, क्षेत्री, गुरुङ, मगर, नेवार र दलितहरुको बसोबास रहेको छ। बुङ्कोट गा.वि.स.को वडा नं ३ को मास्कीछाप र वडा नं ४ को काउले भङ्गारमा मगरहरूको घना बस्ती रहेको छ । यहाँका मगरहरूको जनसङ्ख्या करीब १५०० को हाराहारीमा रहेको छ। यी मगर जातिको आफ्नै परम्परा संस्कार, रीतिविाज, भेषभूषा र भाषा रहेको छ। यहाँको मगर थरहरूमा पुलामी मगर, थापा मगर, चुमी मगर, गुर्छान मगर, आले मगर, दर्लामी मगर, मास्की मगर र लायो मगर बसोबास गर्दछन् । यहाँका मगर जातिहरू दसैं, तिहार, चण्डीपूर्णे, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति  आदि चाडपर्व मनाउँछन् । घाँटुनाच, सोरठी लोकनाटक पनि    सञ्चालन गर्ने प्रचलन छ । यी चाडपर्व मध्य सोरठी लोक नाटक सबैभन्दा लोकप्रिय लोकनाटक हो । तिहारको लक्ष्मीपूजा देखि ठूलो एकादशीसम्म पौराणिक तथा ऐतिहासिक आख्यानमा विविध लय, ताल, शृङगारमा मारुनी नृत्यसहित सोरठी लोकनाटक नाचिन्छ । यहाँका मगरहरूले लस्के भाकामा सोरठी राजकुमारीको कथामा आधारित सोरठी गाउँछन् । मादल बजाउदा यसमा लामो तालमा बजाएर नाचिन्छ । विशेषतःजयसिंहे(जैसिङगै)राजा र हैमतीरानीबाट जन्म, विवाह, बिछोडसँग सम्बन्धित कारुणिक प्रेमाख्यानमा यसको कथावस्तु तयार पारिएको छ ।

## ५.२ भू - धरातल, मगर जाति र सोरठीको सम्बन्ध

परापूर्व कालमा नेपालको पहाडी भेगमा पर्ने गोरखामा जयसिंङ्गे(जैसिङ्गे) नाम गरेका जनजाति राजाले राज्य गर्दथे । यही राजाको कथावस्तु बुङ्कोटको सोरठीमा फैलिएको छ । खासगरी नेपालको पहाडी भागमा जनजातिहरुको बसोबास रहेको पुष्टि हुन्छ।   नेपालको  आदिबासीहरू पनि जनजाति नै रहेको विभिन्न ऐतिहासिक  र पौराणिक आधारमा पनि प्रष्ट हुन्छ । सोरठी

लोकनाटकको कथावस्तु र बुङ्कोट गा.वि.स. को धरातल र जातिगत सम्बन्ध घनिष्ठ रहेको देखिन्छ । जस्तैः-

गाउँको शिवे भूमे, गाउँकै थानीमानी, गाउँकै चण्डी देउराली, उही पछि जलकन्या देवीलाई, यसबाट के बुझिन्छ भने सोरठीको मंगलाचरणको वाचाबन्धनमा थानीमानी, चण्डी, जलकन्या देवी, बरचुली, भैरवी, मनाकामनाको वर्णनबाट यसको आसपासको देवी देवता, धरातलिय स्वरूप र यी देवी देवताको पूजारी समेत मगर जाति रहेको छ । यसरी मगर जाति, धरातल र सोरठी घनिष्ठ सम्बन्ध देखिन्छ ।

## ५.३ मगर जातिको गहना, भेषभूषा र सोरठीको सम्बन्ध

बुङ्कोट गा.वि.स.को मास्कीछाप र काउलेमा बस्ने जातिहरू विभिन्न चाडपर्व र उत्सव तथा अन्य समयमा अनेकौ गहना र शृङ्गारका साधनले सुन्दर बन्ने चलन र सोरठीमा वर्णन गरिएको गहना र भेषभूषा बीच घनिष्ठ अन्तर सम्बन्ध रहेको पाइन्छ । यहाँका मगर जातिका महिलाहरू नाकमा फूली, बुलाकी, टाउकोमा बन्धी, गलामा नौ गेडी, कानमा ढुङग्रीमुन्द्री सुन, हातमा चुरिया लगाउने गर्दछन् । प्रस्तुत सोरठी लोकनाटकको सरस्वती प्राथनामा गरगहना र भेषभूषाको उल्लेखित भएअनुसार यहाँको मगर जातिसँग घनिष्ट सम्बन्ध देखिन्छ । जस्तैः

*शिरै सिन्दुर शिरैमा सुहायो हो*
*सरस्वती सरनमुना सखी हो*
*सरस्वती सरनमुना*
*लिलै टिकिया लिलैमा सुहायो हो*
*सरस्वती सरनमुना*
*सखी हो सरस्वती सरनमुना*
*कानै सुनीया कानैमा सुहायो हो*
*सरस्वती सरनमुना*

## ५.४ मगर जातिको पेसा  र सोरठीबीचको सम्बन्ध

यहाँका मगर जातिहरू नजिकै रहेको ज्यादुल खोला र बही खोलामा माछा मार्ने पेसामा पनि लागेको पाइन्छ । सोरठी लोकनाटकमा उल्लेख भएअनुसार राजा जैसिङ्गे शिकार खेल्न गएको,

कुमाले र माझी माछा मार्न गएको विषय यहाँको मगर जातिसँग पनि घनिष्ठ सम्बन्ध देखिन्छ जस्तै:

*एकु देशको कुमाले एकुदेशको मल्हारे*
*दुदु र भाइ मिली र जुली*
*माछिया मारन जाउ*
*त्यस्तै जैसिङ्गे राजा शिकार खेल्न गएको प्रसङ्ग*
*सक्न घुमायो कुकुर खेदुवाले खेदिर*
*याव उठो हरिन बथान जाग रहो यारी*

## ५.५ मगर जातिको खाना र सोरठीको सम्बन्ध

मगर जातिहरू खानाको परिकारमा दाल भात तरकारी सुङ्गुरको मासु, खसीको मासु, रक्सी जाँड खाने गर्दछन् । सोरठी लोकनाटकमा राजा जैसिङ्गेले आफ्नै छोरी सोरठीसँग विवाह गराउन दुःसाहस गर्ने विजयजैषिलाई अन्तमा सबै कुरा थाहा भएपछि बाहुनको जात फाल्न वा दण्डसजाय दिने प्रसङ्गमा जाँड विषय उठान भएको छ । यो नितान्त मगर जातिसँग सम्बन्धित मादक पदार्थ अन्तर्गत मिल्दो छ ।

*दूधै भनी जाँडै खुलायौ*
*जातै तिम्रो गयो*
*सातै समुद्रपारी*
*भनी विजय जैसीलाई धपायो ॥*

## ५.६ मगर जातिको वैवाहिक विधि र सोरठीको सम्बन्ध

मगर जातिहरू प्रेमविवाह, मागीविवाह र गान्धर्वविवाह गर्दछन् । यस बुङ्कोटको सोरठी लोकनाटकमा राजा जैसिङ्गेको मागी विवाह भएको छ । दुलहा पञ्चेबाजा आफ्ना निम्तालुहरू वरियाँत सहित दुलहीको घरमा पुगेपछि दुलही पक्षले दुलहा लगायतलाई दही अक्षताले पर्सिने प्रचलन सामिप्य रहेको पाइन्छ जस्तै:

*सुवर्णको थलिया*
*दहिय अक्षता मुछीमामुछी*
*जनती पर्छाया*

## ५.७ मगर जातिको जन्मसंस्कार र सोरठीको सम्बन्ध

सोरठी लोकनाटकमा जस्तै बालक जन्मेपछि मगर जातिमा पनि ज्योतिषलाई बालकको भाग्य हेराउने प्रचलन छ ।जस्तै:

*उपर लेऊ जैसीजी पोस्तक*

*पावैमा लेऊ जैसीजी ढलवट*

*ढलवटे कोरीमा कोरी हेरिदेऊ जैसीज्यू*

*यक्षता गनीमा गनी बाला कसतो दिन हेरिदेऊ*

*पोस्तक पढीमा पढी हेरिदेऊ*

# अध्याय - छ

# ६.उपसंहार

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चल र गण्डकीका छ जिल्ला (मनाङ, कास्की, लमजुङ, तनहुँ, स्याङ्जा र गोरखा) मध्ये पनि गोरखा जिल्ला लोकसाहित्यका दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण रहेको छ । गोरखा जिल्लामा अधिकांश ठाउँहरू यस्ता छन् जहाँ सोरठी, घाटु, गोपीचन, वालनजस्ता परम्परागत लोकनाटक साथै  सुनिमाया, नानीरलै, झ्याउरे (झाम्रे), ठाडो. भाकाजस्ता गीत नाचहरू विभिन्न पर्व, उत्सव एवम् मेलाहरूका साथै वनजङ्गल, मेलापात जाँदा गुञ्जिले गर्दछन । गोरखाको पूर्वी भेगमा पर्ने बुङ्कोट गा.वि.स.को मास्कीछाप र काउले भङगारमा पनि यस्ता गीत नाच गाउने नाच्ने परम्परा विद्यमान छ । मौखिक परम्परामै रहेका यी र यस्ता साँस्कृतिक सम्पत्तिहरू अहिले उचित अध्ययन अनुसन्धान एवम् संरक्षणको अभावमा लोपोन्मुख अवस्थामा छन् । अतः बुङ्कोट गा.वि.स.का मगर जातिले आफ्नो प्राचीन संस्कृतिको रूपमा अवलम्बन गर्दै आएको लोकनाटक सोरठीको अनुसन्धान गरी वर्गीकरण एवम् विश्लेषण गर्ने हेतुले बुङ्कोट गा.वि.स.मा प्रचलित सोरठी अध्ययन शीर्षकमा गरिएको  हो ।

लोकसाहित्यका विभिन्न विधा मध्ये उत्तम र महत्वपूर्ण श्रव्य दृश्य विधाका रूपमा नाट्यविधालाई लिइन्छ । यस्तो लोकप्रिय नाट्यविधाको आदि बीजका रूपमा लोकनाटकलाई लिइन्छ । लोक र नाटकजस्ता दुई शब्दको योगबाट बनेको लोकनाटकले हाम्रो संस्कृति, परम्परा र आफ्नोपनलाई बचाइराखेको हुन्छ । लोकनाटक सोरठीमा गुरूपरम्परा, नर्तक नर्तकी पात्रको छनौट, देवी देवताको आह्वान (बन्धन बाँध्ने), भेषभूषा, अभिनय, सङ्गीत, रङ्गमञ्च, दृष्ययोजना, समापन, आसिक गाथा ( विदाई गीत) जस्ता कार्यहरू विधि विधानका साथ हुन्छ । लोकनाटक सोरठीमा जैसिंहे राजा र हैमवती रानीको सन्तान अप्राप्ति, सोरठी रानीको जन्म र अशिक्षाका कारण आफ्नै छोरीसँग विवाह गर्न पुगेको अनौठो प्रसङ्ग उल्लेख गरी परम्परागत अशिक्षित समाजको प्रष्ट तस्विर उतारिएको छ । सरल कथावस्तु एवम् गीतात्मक प्रस्तुतीकरण भएको सोरठीमा लोकजीवनका धर्म, संस्कृति, रीतिरिवाज एवम् चालचलन समेत उल्लेख गरिएको छ । बुङ्कोटका मगर जातिमा पनि विशेषतः छोरा जन्मँदा सोरठीको जन्मखण्डको गीत गाउने नाच्ने प्रचलन अझै पनि रहेको छ । जसलाई स्थानीय भाषामा पुर पुराऊ झिक्ने भनिन्छ ।

बुङ्कोट गा.वि.स. का वडा नं ३ र ४ मास्कीछाप, काउलेका अधिकांश मगर जातिको घना वस्ती रहेको छ । यस गा.वि.स.का मगर जातिले प्रत्येक वर्ष दसैंको कालरात्रीको दिन साँझ परेपछि

गाउँको प्रमुख व्यक्ति वा गुरुजीको घरबाट शुभारम्भ गरी तिहारमा देउसी, भैलोकै रूपमा सोरठी नाटकको प्रदर्शन गरेर फुर्सद भए मंसीरमा र नभए फागुनमा विधि विधानका साथ सरस्वती पूजा गरेर समापन गर्दछन् । सोरठी धवलागिरि, गण्डकी, लुम्बिनी, लगायतका घर्ती, भुजेल, गुरुङ्ग, कुसुण्डा, कामी लगायतका जातिहरूले परम्परागत रूपमा गाउँदै नाच्दै आएको पाइन्छ । सोरठीको नामकरणका सम्बन्धमा विभिन्न भनाइहरू पाइए पनि राजा जयसिहें सोरठपुर क्षेत्रका शासक भएका र सोरठी उनकै छोरी भएकाले सोरठपुरबाट सोरठीको व्यूत्पत्ति भएको र सोरठी नायिकाका नामबाटै यस नाटको नाम सोरठी रहन गएको भन्ने मत बढी सान्दर्भिक एवम् प्रामाणिक हुन आउँछ ।

लोकनाटक सोरठी श्रुति (मौखिक) परम्परामा जीवित छ । विभिन्न देव देवीको आव्हान गरी उनीहरूको शरण परेर आरम्भ गरिने सोरठीको मङ्गलगान, गुरुपरम्परा, आनुष्ठानिकता, पुरुषपात्रद्वारा स्त्रीपात्रको अभिनय, नृत्य र सङ्गीतको प्रधानता, निश्चित विधिविधानमा आधारित, अनौपचारिक दृश्यविधान, परम्परागत भेषभूषा आदि सोरठीका विशेषता हुन् । स्थान, समय, जाति वा वर्गअनुसार फरक हुनु यसको अर्को विशेषता हो । सोरठीको कथानक संरचना राजा रानीको सन्तान अप्राप्ति, ज्यातिषीको छलकपटले निम्त्याएको पीडा एवम् दुर्घटित जीवन प्रसङ्ग नै मुख्य रहेको छ । यसमा गुरुवा (गुरुजी), मारुनी, सोरठी, लवरपाँडे, गीदाङ्गे (गर्राभाइ), मादले जस्ता पात्रहरू देखिन्छन् । घाटुमा परम्परागत भेषभूषाका साथमा आङ्गिक नृत्यभिनय हुन्छ । मादल, मुजुरा र हातका तालीमा सङ्गीतात्मक माधुर्य छर्दै सर्वसाधारणका आँगन, चोकमा प्रर्दशित हुने सोरठीले राष्ट्रियतामूलक, धर्म संस्कृतिमूलक, वीरतामूलक, ऐतिहासिक एवम् सामाजिक लोकजीवनको चिनारी समेटेको हुन्छ । यसमा पूजाआरधना, पर्व, उत्सव, मेला जात्राजस्ता लोकधर्म, ज्योतिष एवम् तन्त्रमन्त्रमा विश्वास, पूर्वजन्ममा विश्वासजस्ता लोकविश्वासका साथै लोकसंस्कृतिको प्रस्तुति सरल र सह भावजस्ता लोकतत्त्वहरू समावेश हुन्छन् ।

बुङ्कोट गा.वि.स. मास्कीछाप र काउले भङ्गारमा प्रचलित लोकनाटक सोरठी विशेषगरी त्यहाँका मगर जातिले आफ्नो परम्परागत संस्कृतिको रूपमा अवलम्बन गर्दै आएको भए पनि सोरठी मगर जातिको मात्र नभई नेपालको प्राचीन सम्पदा पनि हो । अतः लोकसंस्कृति भनेका नेपालीका खाटी पहिचान बोकेका सम्पत्तिहरू भएकाले हामी आ-आफ्नो ठाउँबाट यी र यस्ता लोकसंस्कृतिको संरक्षणमा समयमै लाग्नुपर्ने देखिन्छ ।

बुङ्कोट गा.वि.स.मा प्रचलित लोकनाटक सोरठीको अध्ययनको क्रममा विभिन्न विषय प्राप्त भएको छ । लोक भेषभूषा तथा लोक भाषाको प्रयोग गरेर आदिम नेपाली समाजको यो सांस्कृतिक सम्पदा पुरानो पुस्तामा लोकव्यवहारमा देखिए पनि नयाँ पुस्तामा भने यसको प्रयोग क्षीण हुँदै गएको देखिन्छ । नेपाली समाज(बुङ्कोट)मा नयाँ संस्कृतिको प्रवेश हुनु,मनोरञ्जनका नयाँ साधनहरू प्रयोगमा आउनु, पुरानो संस्कृतिप्रति नयाँ पुस्ता वीतरागी हुनु, सांस्कृतिक महत्वका नृत्यनाटिकाको व्यवस्थापनमा आर्थिक समस्या आउनु आदि कारणले सोरठी नृत्यनाटिकाको प्रदर्शनमा कमी हुँदै आएको पाइएको छ ।

यहाँको लोकनाटक सोरठी र अन्य स्थानमा प्रचलित सोरठीको तुलना गर्दा केही समानता र भिन्नता पाइएको छ । **सोरठी पाँवरा** -महेन्द्रप्रसाद सिंहमा राजा दक्षसिंह र रानी कमलापति निःसन्तान भएको , राज ज्योतिष व्यासमूनिको सल्लाह अनुसार राजाले तपस्या गर्दछन् र सन्तान हुन्छन् । स्वर्गबाट अप्सरा आई सालनाल गरी फर्कनु, व्यासमूलाई चिसो पस्नु,चिनो देखाउँदा यो बालिका अनिष्टकर छे यसलाई नदीमा बगाइदिनु भन्नु माझी र कुमालेले नदीमा बाकस फेला पार्नु,कुमालेले बालिका पाल्नु,कुमालेको चक्का सोरठीले छुनु, चक्का सुन हुनु, आम्दानी बढ्नु, विश्वकर्माले सुनको मन्दिर बनाइदिनु, वृजधार थुप्रै प्रसङ्ग उल्लेख भएको पाइन्छ । यो सोरठीमा धेरै लामो र जादुमय कथावस्तु छ तर बुङ्कोटको सोरठी छोटो र सरल प्रकारको छ । हरिहरजोशीको **सोरठी** र बुङ्कोटको सोरठीमा धेरे कथावस्तु मिले पनि उक्त सोरठीमा जयसिंह राजाको दुई रानी भएको जेठी रानी र ज्योतिषको षडयन्त्रबाट सोरठीलाई नदीमा बगाएको प्रसङ्ग उल्लेख छ तर यहाँको सोरठीमा ज्योतिषको षडयन्त्रबाट मात्र बगाएको प्रसङ्ग उल्लेख छ । त्यस्तै डा.मोतीलाल पराजुलीले सङकलन गरेको सोरठी अन्तर्गत वृजभारको कथावस्तु र बुङ्कोटको सोरठी कथावस्तु मिल्दोजुल्दो देखिएको पाइएन ।

# सन्दर्भग्रन्थसूची


१. आचार्य, व्रतराज,**लोकगाथा सोरठीको मूलथलोको खोजीमा**, गोरखा पत्र, वर्ष ७० अङ्क ४०, २०३५चैत्र ११

२. आले मगर, जीवन, **नेपालका प्रथम जनविद्रोही सहिद लखन थापा**, काठमाडौ ःसुवास आले मगर र विष्णु आलेमगर २०६५

३. उपाध्याय, कृष्णदेव, **लोकसंस्कृतिकी रुपरेखा**, इलहावादःलोकभारती प्रकाशन १९९८ ।

४. उपाध्याय, केशवप्रसाद ,**नाटको अध्ययन**, ललितपुरः  साझा प्रकाशन २०५८ ।

५. उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्वान्त**, काठमाडौः साझा प्रकाशन २०६० ।

६. उपाध्याय, गोविन्दशरण, **नेपाली लोकनाटक वालनको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि. वि. २०५५ ।

७. उप्रेती, कुन्दनलाल, **लोकसाहित्यके प्रतिमान**, आलिगढ, भारतः प्रकाशन मन्दिर १९८० ।

८. ओझा, रामनाथ र गिरी, मधुसुदन, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, काठमाडौंः क्षितिज प्रकाशन २०६० ।

९. **गा.वि.स. विवरण बुङ्कोट** २०६८ ।

१०. जोशी, हरिहरराज, **सोरठी,** काठमाडौंःरूपायन प्रकाशन २०२३ ।

११. थापा, धर्मराज, र सुवेदी, हंशपुरे, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौंः पा.वि.के.त्रि.वि. २०४१ ।

१२. थापा, धर्मराज, **गण्डकी सुसेली,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३० ।

१३. परमार, श्याम, **मि.न.लोकसाहित्य विमर्श,अजमेर**ःकृष्ण व्रदश १९९८ ।

१४. पराजुली, मोतीलाल, **लोकतत्व र लोकसाहित्य दृष्टिकोण**  १ पृ. ६१ ६७ २०५१ ।

१५. पराजुली, मोतीलाल,**सोरठी नृत्यनाटिक** (सैद्धान्तिक अध्ययन) कीर्तिपुर दिक्षान्त पुस्तक प्रकाशन २०६३ ।

१६. पोखरेल, बालकृष्ण र अन्य (सम्पा),**नेपाली वृहत् शब्दकोश**, पाँ.सं.,काठमाडौंः ने.रा.प्र.प्र. २०५० ।

१७. बन्धु, चूडामणि,**नेपाली लोकसाहित्य**,काठमाडौं :एकता प्रकाशन २०६६ ।

१८. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०६३ ।

१९. सत्येन्द्र, **लोकसाहित्य विज्ञान**, आगरा शिवलाल अग्रवाल एण्ड कम्पनी १९७१ ।

२०. सिंह,महेन्द्रप्रसाद, **सोरठी पाँवरा**,वाराणसीःठाकुर पुस्तक भण्डार १९९१

# परिशिष्ट

**सामाग्री सङ्कलनका क्रममा सहयोग गर्ने व्यक्ति तथा संघ संस्थाहरु**

सोरठी टोली बुङ्कोट -४ काउले भञ्ज्ञार

- डिलबहादुर राना, बुङ्कोट, ४ गोररखा,  टोली नेता
- कृष्णबहादुर राना, बुङ्कोट, ४ गोररखा
- ओमबहादुर चुमी, बुङ्कोट, ४ गोररखा
- दिपसागर थापा मगर, बुङ्कोट, ४ गोररखा
- प्रलेश थापा मगर, बुङ्कोट, ४ गोररखा
- शिवबहादुर गुर्छान मगर, बुङ्कोट, ४ गोररखा
- अनिता थापा मगर, बुङ्कोट, ४ गोररखा
- रुद्रनाथ पोखरेल, प्राचार्य, मण्डली उ.मा.वि.छोप्राक, गोरखा
- सुनिल अर्याल, नेपाली विभाग द्रव्यशाह क्याम्पस गोरखा
- सानुमैया थापा, द्रव्यशाह क्याम्पस गोरखा
- डा.मोतीलाल पराजुली,त्रि.वि.नेपाली विभाग कीर्तिपुर, काठमाडौं
- राधिका थापा नामजुङ, ९ गोरखा
- दीपक पाण्डे,नामजुङ, ७ गारखा
- ईश्वर थापा , बुङ्कोट, ५ गोररखा
- डिलबहादुर के.सी. बुङ्कोट, ५ गोररखा
- उमेश वग्ले, बुङ्कोट, ६ गोररखा
- गाविस विवरण बुङ्कोट, २०६८ ।
- विश्वामित्र खनाल, बुङ्कोट, ४ गोररखा